# प्रारम्भिक बालविकास रणनीति
# कर्णाली प्रदेश
(२०७९–२०८३)

सामाजिक विकास मन्त्रालय
कर्णाली प्रदेश
२०७९

# प्रारम्भिक बालविकास रणनीति
# कर्णाली प्रदेश

**(२०७९-२०८३)**

*सामाजिक विकास मन्त्रालयबाट स्वीकृत मिति: २०७९ भाद्र ५ गते (माननीय मन्त्रीस्तरबाट)*

**सामाजिक विकास मन्त्रालय**
**कर्णाली प्रदेश**
**२०७९**

**कर्णाली प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**विरेन्द्रनगर, सुर्खेत**

# मन्तव्य

**"समृद्ध नेपाल, सुखी नेपाली"** भन्ने राष्ट्रिय सोँच र कर्णाली प्रदेशले **"समृद्ध कर्णाली, सुखी कर्णालीबासी"**को दीर्घकालीन सोँच लिएको परिप्रेक्षमा कर्णाली प्रदेशका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास सम्बन्धी सेवाहरू सहजताका साथ उपलब्ध गराई उनीहरूको बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागी हुन पाउने अधिकार सुनिश्चित गर्न कर्णाली प्रदेश सरकार प्रतिबद्ध छ। **समृद्ध कर्णाली, सुखी कर्णालीबासी** दीर्घकालीन सोँच हासिल गर्न बालबालिकामा लगानी गर्नुपर्ने आवश्यकता छ ।

विभिन्न अनुसन्धानहरूबाट मानव जीवनको सुरुवाती वर्षमा मस्तिष्कको विकास सबैभन्दा तीव्र गतिमा हुने हुँदा सो अवधिमा गरिने लगानी मानव जीवनको लागि महत्वपूर्ण हुने कुरा प्रमाणित भैसकेको छ । यस सन्दर्भमा गर्भावस्थादेखि ८ वर्षसम्मका कर्णाली प्रदेशका सम्पूर्ण बालबालिकाको सर्वाङ्गीण विकास गर्ने लक्ष्यका साथ सोको अवधारणा, परिभाषा र दूरदृष्टिबारे तीनै तहका सरकारका सम्बद्ध निकायहरूबीच स्पष्ट एवं समान धारणा बनाउन राष्ट्रिय योजना आयोगको नेतृत्वमा तयार गरिएको प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति, २०७७-२०८८ बमोजिम सामाजिक विकास मन्त्रालयले कर्णाली प्रदेशको प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति, २०७९-२०८३ तर्जुमा गरेकोछ । यस रणनीतिले कर्णाली प्रदेशका प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गरी सक्षम तथा दक्ष मानव स्रोत विकास गर्ने दूरदृष्टी तय गरेको छ ।

प्रारम्भिक बालविकास बालअधिकारको अभिन्न अङ्ग हो । कर्णाली प्रदेशका प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाको सर्वाङ्गीण विकासको लागि उनीहरूको उमेर अनुसारको सेवाको सुनिश्चितता गर्ने, सबै बालबालिकाहरूलाई स्वास्थ्य, पोषण, सुरक्षा, संरक्षण, शिक्षा र खानेपानी तथा सरसफाई सम्बन्धी सबै सेवाहरू एकीकृत रुपमा प्रदान गर्ने, सेवा प्रवाहमा परिवार तथा समुदायको सहभागिता, संलग्नता र जिम्मेवारी अभिवृद्धि गर्न स्थानीय तहलाई सहयोग गर्ने यस रणनीतिले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा लिएको छु ।

अन्त्यमा यस रणनीतिको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरोकारवाला निकायहरूलाई आवश्यक सहयोग गरीदिन अनुरोध गर्दछु । साथै कर्णाली प्रदेश सरकार र स्थानीय तहमा प्रारम्भिक बालविकास सम्बन्धी कार्यक्रम तथा क्रियाकलापहरू तय गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि यो रणनीति उपयोगी हुने छ भन्ने विश्वास लिएको छु ।

५ भाद्र, २०७९

मा. यज्ञ बहादुर बुढा क्षेत्री
मन्त्री
सामाजिक विकास मन्त्रालय
कर्णाली प्रदेश

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
विरेन्द्रनगर, सुर्खेत

# आभार

बालबालिकाहरूमा प्रारम्भिक बालविकास उमेरमा लगानीले उनीहरूको स्वास्थ्य, प्रारम्भिक सिकाइ, भविष्यको पढाइ, रोजगारीको अवसर र उत्पादनशीलतामा अभिवृद्धि गर्दछ । त्यसैले सबै बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गरी सक्षम तथा दक्ष मानव स्रोतको विकास गरी वि.सं. २०८३ सम्ममा गर्भावस्था देखि ८ वर्षसम्मका कर्णाली प्रदेशका प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाको शारीरिक, सामाजिक, बौद्धिक, संवगोत्मक, भाषिक र प्रारम्भिक साक्षरता र गणित सहित विकासको अवसर सुनिश्चित गर्ने लक्ष्य प्राप्तीका लागि यो प्रारम्भिक बालविकास रणनीति, २०७९-२०८३ कार्यान्वयनमा ल्याउन लागिएको छ ।

प्रस्तुत रणनीतिले बालबालिकाको सर्वाङ्गीण विकासको लागि गर्भावस्थादेखि ८ वर्षसम्मका कर्णाली प्रदेशका प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकालाई उमेर अनुसार लक्षित एवं गुणस्तरीय सेवा एकीकृत रुपमा प्रदान गर्न, एकीकृत प्रारम्भिक बालविकासका लागि कानूनी, संस्थागत तथा संरचनागत संयन्त्र निर्माण गर्न, एकीकृत प्रारम्भिक बालविकासको प्रभावकारी सेवा पुऱ्याउन, दक्ष मानव तथा आर्थिक स्रोत सुनिश्चित गर्न, बालबालिकाको सर्वाङ्गीण विकासका लागि आमाबुबा, परिवार, संरक्षक तथा समुदायको सक्रिय संलग्नता सुनिश्चित गर्न र विशेष संरक्षण आवश्यकता भएका प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकासका लागि लक्षित रुपमा एकीकृत एवं गुणस्तरीय सेवाको पहुँच विस्तार गर्न प्रदेश सरकार र स्थानीय तहलाई मार्गनिर्देश गर्नेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, प्रारम्भिक बालविकास रणनीति विकास र स्वीकृतीको चरणमा प्रत्यक्ष र परोक्षरुपमा सहयोग गर्नुहुने पदाधिकारी तथा कर्मचारी, सम्बन्धित विषयगत मन्त्रालय एवम् सरकारी निकायहरू, युनिसेफ नेपाल, निजी तथा गैरसरकारी संघसंस्थाहरू एवम् विज्ञहरू सबै लाई धन्यवाद ज्ञापन गर्न चाहान्छु । साथै, यस रणनीतिको सफल कार्यान्वयनका लागि निरन्तर सहयोग प्राप्त भइरहने विश्वास लिएको छु ।

५ भाद्र, २०७९

कृष्ण प्रसाद काप्री
सचिव
सामाजिक विकास मन्त्रालय
कर्णाली प्रदेश

# यस रणनीतिपत्रमा प्रयोग भएका प्रमुख शब्दहरूको परिभाषा

**प्रारम्भिक बालविकास उमेर :**

प्रारम्भिक बालविकास उमेर भन्नाले गर्भावस्थादेखि ८ वर्षसम्मको उमेरलाई जनाउँदछ ।

**प्रारम्भिक बालविकास कार्यक्रम :**

प्रारम्भिक बालविकास कार्यक्रम भन्नाले गर्भावस्थादेखि ८ वर्ष उमेरसम्मका बालबालिकाको विकासका लागि स्वास्थ्यकर्मी, शिक्षक, सहयोगी कार्यकर्ताहरू, अभिभावक, तथा बालबालिकालाई लक्षित गरिएको नीति तथा कार्यक्रमहरूलाई जनाउँदछ ।

**घरमा आधारित कार्यक्रम :**

घरमा आधारित कायक्रम भन्नाले बालबालिकालाई घरैमा वा घरपरिवारकै वातावरणमा राखेर अभिभावक, परिवारका सदस्यहरू वा छिमेकीद्वारा बालबालिकाको उमेर अनुरुपको उचित स्याहारसुसार, सिकाइ र विकासका लागि आवश्यक स्वास्थ्य, पोषण, सुरक्षा एवं पूर्वसिकाइका अभ्यासहरू गराउने कार्यक्रमहरूलाई जनाउँदछ ।

**केन्द्रमा आधारित कार्यक्रम :**

केन्द्रमा आधारित कार्यक्रम भन्नाले बालबालिकालाई घरभन्दा बाहिर बालविकास केन्द्र वा दिवा शिशु स्याहार केन्द्र वा पूर्वप्राथमिक विद्यालयमा दिइने शिक्षा, स्वास्थ्य, पोषण र सुरक्षासम्बन्धी सेवाहरू प्रदान गर्ने कार्यक्रमहरूलाई जनाउँदछ ।

**बालविकास केन्द्र :**

बालविकास केन्द्र भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तरगत ४ वर्ष उमेरका बालबालिकाका लागि आधारभूत सिकाइ गरिने स्थान वा केन्द्रलाई जनाउँदछ ।

**प्रारम्भिक बाल-स्याहार तथा शिक्षा :**

प्रारम्भिक बाल-स्याहार तथा शिक्षा भन्नाले आमाबुबा तथा अभिभावकको उपस्थिती विना बालबालिकाको स्याहार र शिक्षा प्रदान गर्ने समेतका कार्य भन्ने बुझिन्छ ।

**प्रारम्भिक बाल-शिक्षा तथा विकास :**

प्रारम्भिक बाल-शिक्षा तथा विकास भन्नाले ५ वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, बौद्धिक, आध्यात्मिक र नैतिक क्षमताहरूको विकास गर्न लक्षित कार्यक्रमलाई बुझाउँदछ ।

**दिवा शिशु-स्याहार केन्द्र :**

दिवा शिशु-स्याहार केन्द्र भन्नाले तीन वर्षभन्दा मुनिका बालबालिकालाई शिक्षक वा सहयोगी कार्यकर्ताद्वारा बालबालिकाको हेरचाह, सामाजिक अन्तरक्रिया र खेल आदि क्रियाकलापमा संलग्न गराइ उमेरअनुसारको सामाजिक व्यवहार र स्वावलम्वी हुने सीपहरू सिकाइने व्यवस्थित स्थानलाई जनाउँदछ ।

**घुम्ती बाल-स्याहार तथा विकास :**

पातलो बस्ती, लेक औलको बसाई, अस्थाई बसाइसराई, विद्यमान केन्द्रमा उपस्थित हुननसक्ने शिशु तथा बालबालिकाको लागि स्थान परिवर्तन हुनेगरी व्यवस्थित गरिएको  एकीकृत प्रारम्भिक बाल सेवा लाई घुम्ती बाल-स्याहार तथा विकास बुझाउँदछ ।

**प्रारम्भिक बाल विकास शिक्षा तथा श्रव्य दृश्य कार्यक्रमः**

स्थानीय भाषा, लोकसंस्कृति, प्रतिविम्बित  अभिभावक, शिक्षक, बालबालिकाको लागि  संचार माध्यमबाट संचालन गरिने सेवा बुझाउँदछ ।

**स्थानीय तह :**

स्थानीय तह भन्नाले गाउँपालिका वा नगरपालिकालाई बुझाउँदछ । साथै, त्यसले उपमहानगरपालिका र महानगरपालिकालाई समेत बुझाउँदछ ।

**सर्वाङ्गीण विकास :**

सर्वाङ्गीण विकास भन्नाले बालबालिकाको शारीरिक, बौद्धिक, सामाजिक, संवेगात्मक एवम् भाषिक पक्षको समुचित विकासलाई जनाउँदछ ।

**विषयगत मन्त्रालय :**

प्रदेश तहमा सामाजिक विकास मन्त्रालय, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय लगायत जनाउँदछ  ।

# विषय सूची


**परिच्छेद १ परिचय** २

१.१ पृष्ठभूमि २

१.२ प्रारम्भिक बालविकास रणनीतिको औचित्य तथा आवश्यकता ३

१.३ रणनीति योजना निर्माण प्रक्रिया ३

**परिच्छेद २ प्रारम्भिक बालविकासको अवस्था विश्लेषण** ८

२.१ प्रारम्भिक बालविकासको स्थिती ८

२.२ नेपालमा प्रारम्भिक बालविकास सम्बन्धी व्यवस्था १०

२.३ प्रारम्भिक बालविकासका चुनौती र समस्याहरू १३

२.४ प्रारम्भिक बालविकासका लागि अवसरहरू १५

**परिच्छेद ३ रणनीतिका आधार र मान्यताहरू** १८

३.१ रणनीतिका आधार १८

३.२ आधारभूत मान्यताहरू १८

**परिच्छेद ४ प्रारम्भिक बालविकास रणनीति** २२

४.१ दुरदृष्टि २२

४.२ लक्ष्य २२

४.३ उद्देश्यहरू २२

४.४ रणनीति तथा कार्यनीति २२

**अनुसूची-१ प्रदेश प्रारम्भिक बालविकास समिति** २९

**अनुसूची-२ स्थानीय प्रारम्भिक बालविकास समिति** ३०

**अनुसूची-३ वडास्तरीय प्रारम्भिक बालविकास समिति** ३१

**अनुसूची-४ नतिजा सूचक र कार्यान्वयन ढाँचा** ३२

**अनुसूची-५ मस्यौदा निर्माण निर्देशक समिति** ३७





# परिच्छेद १

# परिचय

# परिच्छेद-१
# परिचय

## १.१ पृष्ठभूमि

मानवस्रोत राष्ट्रको विकासको प्रमुख स्रोत मानिन्छ। प्रारम्भिक बालविकास मानवस्रोत विकासको आधारशिला हो । प्रारम्भिक बाल्यावस्थाको सिकाइ अनुभव र समग्र विकासको प्रभाव गुणस्तरीय जनशक्ति विकासमा पर्दछ । प्रारम्भिक बालविकासको मुख्य उद्देश्य गर्भावस्थादेखि ८ वर्ष मुनिका बालबालिकाहरूको सर्वाङ्गीण विकासका साथै आवश्यक स्वास्थ्य, पोषण, सुरक्षा, संरक्षण र प्रारम्भिक सिकाइका अवसरहरू प्रदान गर्नु हो । नेपालको संविधान तथा बालअधिकार महासन्धि १९८९ मा गरिएको प्रतिवद्धता अनुसार सबै नेपाली बालबालिकाको सर्वोत्तम हितका लागि प्रारम्भिक बालविकास सम्बन्धी सबै सेवाहरू सहजताका साथ उपलब्ध गराई प्रारम्भिक बाल्यावस्था देखिनै बाँच्न पाउने, सुरक्षित हुन पाउने, विकास गर्न र सहभागी हुन पाउने अधिकार सुनिश्चित गर्न सबै सरोकारवालाहरूको प्रतिबद्धता रहेको छ ।

**"समृद्ध नेपाल, सुखी नेपाली"** भन्ने राष्ट्रिय सोँच र कर्णाली प्रदेशले **"समृद्ध कर्णाली, सुखी कर्णालीबासी"**को दीर्घकालीन सोँच लिएको छ । कर्णाली प्रदेश, इतिहास, भाषा, धर्म, संस्कृति, जातजातिको सन्दर्भमा आफैमा एक खुला सङ्ग्रहालय मानिन्छ । बालबालिका राष्ट्रका कर्णधार हुन् भन्ने भनाइलाई सार्थकता प्रदान गर्नको लागि तीनै तहका सरकारबाट बालविकास सम्बन्धी नीति, योजना र कार्यक्रमहरू सञ्चालन हुदै आएको छ। नेपालको वर्तमान संरचनामा संघ, प्रदेश, स्थानीय सरकार तथा यस क्षेत्रमा कार्यरत सामाजिक संघसंस्थाको संलग्नतामा गर्भावस्था देखि ८ वर्षका बालबालिकाको सर्वाङ्गीण विकास गर्ने लक्ष्यका साथ प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति जारी गरिएको छ ।

प्रारम्भिक बालविकास भन्नाले गर्भावस्थादेखि ८ वर्ष उमेर समूहका बालबालिकाहरूको सर्वाङ्गीण विकास प्रक्रियालाई बुझाउँदछ। बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, भाषिक र बौद्धिक पक्षहरूको अधिकतम विकासलाई सर्वाङ्गीण विकास भनिन्छ । सबै बालबालिकाको अन्तर्निहित क्षमता एकअर्कामा फरक हुन्छन् । उनीहरूको वृद्धि, विकासको गति, यती ? फरक हुन्छ । यो उमेरमा बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, भाषिक र बौद्धिक पक्षहरूको विकास मानव जीवनको अन्य उमेरभन्दा उल्लेखनीय रूपमा बढी हुन्छ। स्नायु विज्ञानको अनुसन्धान अनुसार तीनवर्षको शिशुको मस्तिष्क वस्यकको भन्दा तीन गुनाले बढी क्रियाशील हुन्छ। यस उमेरका बालबालिकामा गरिएको लगानीले ७ देखि १० गुणा प्रतिफल प्राप्तहुने प्रमाण नोबेल पुरस्कार विजेता श्री जेम्स हेकमेन, विश्व बैक र अन्य अध्ययनले खुलासा गरेको छ (हेकमेन, २०००, विश्व बैंक, २००२), पेरीस्कूल, २००५) । प्रारम्भिक बालविकासको मुख्य उद्देश्य गर्भावस्था देखि नै शिशुको शारीरिक, सामाजिक, संवेगात्मक, भाषिक र बौद्धिक विकास (सर्वाङ्गीण विकास) अधिकतम गराउन टेवा पुर्‍याउनु हो ।

प्रारम्भिक बालविकास कार्यक्रम भन्नाले बालबालिकाको सर्वाङ्गीण विकासका लागि तर्जुमा गरिएको बालबालिका, अभिभावक एवम् बालबालिकासँग प्रत्यक्ष काम गर्ने (हेरालु, सहयोगी तथा शिक्षक) सहयोगी कार्यकर्ताहरू समेतका लागि निर्माण गरिएका नीति तथा कार्यक्रमहरूलाई बुझाउँदछ।

प्रारम्भिक बालविकास सम्बन्धी नीति कार्यक्रमहरू अझै प्रभावकारी रूपमा विकास, कार्यान्वयन गर्ने तीन तहको सरकारलाई अवसरको साथै जिम्मेवारी समेत प्राप्त भएको छ। यसै सन्दर्भमा कर्णाली प्रदेश योजना आयोग तथा प्रारम्भिक बालविकासका लागि प्रदेश सांसदहरूको सहकार्य समन्वय समूहबाट सम्बन्धित मुद्दाहरूको सुनुवाई भएको र प्रथम पञ्चवर्षीय योजनामा बालबालिकाको स्वास्थ, शिक्षा, विकास, सुरक्षा लगायतका आवश्यकताहरू सम्बोधन गरिएको छ । यस प्रदेशका प्रारम्भिक उमेर समूहका बालबालिकाको हकहित सुनिश्चित गर्नको लागि

सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसस्था र निजीक्षेत्रहरूको सहकार्य रहेको छ । तथा निजी क्षेत्रहरूको सहकार्य रहेको छ । प्रारम्भिक बाल विकास उमेर समूहका सबै बालबालिकाहरूको शारीरिक, बौद्धिक, सामाजिक, संवेगात्मक र भाषिक विकासका लागि गुणस्तरीय तथा एकीकृत प्रारम्भिक बालविकासको अवसर प्रदान गर्नमा विभिन्न तह र क्षेत्रमा चुनौतीहरू छन् । यस प्रदेशमा विभिन्न अवसरका बावजुद बालबालिकाले पाउने सेवाहरूको पहुँचमा भौगोलिक, सामाजिक तथा आर्थिक चुनौतिका कारणले अपेक्षित उपलब्धी हासिल गर्न सकिएको छैन । बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि आवश्यक सबै प्रकारका सेवाहरू एकीकृत रूपमा सुनिश्चित गरिएका ठोस आधारहरू पाइँदैन । बालबालिकाको स्वास्थ स्याहार, पोषण सिकाइ/शिक्षा तथा विकास लगायतका अवस्थामा सुधार भए तापनि यस प्रदेशमा बाल संरक्षण, सुरक्षा, सहभागिता र सर्वाङ्गीण विकासको सन्दर्भमा थप सुधारको आवश्यकता छ ।

प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२०८८ को आधारमा प्रदेश तथा स्थानीय तहको परिवेश सुहाउँदो रणनीति निर्माण र कार्यान्वयन गरी प्रारम्भिक बाल्यावस्थाका बालबालिकाको स्वास्थ्य, पोषण, स्याहार, संरक्षण, सहभागिता सिकाइ/प्रारम्भिक शिक्षा र विकास गर्न यस प्रदेशको प्रारम्भिक बालविकास रणनीतिको निर्माण भएको हो । यस अनुरुप कर्णाली प्रदेश योजना आयोगको नेतृत्वमा प्रारम्भिक बालविकास रणनीति निमार्णका लागि विभिन्न तहमा परामर्श गरिएको छ ।

## १.२ प्रारम्भिक बालविकास रणनीतिको औचित्य तथा आवश्यकता

- नेपाल सरकार एवम् प्रदेश सरकारको विद्यमान नीति, नियम र ऐन कानूनहरूमाफर्त एकीकृत प्रारम्भिक बालविकास कार्यक्रमहरू सञ्चालन गरी बालअधिकार सुनिश्चित गर्न,
- कर्णाली प्रदेशको भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक, जलवायु परिर्वतन, जनजीवन शैली लगायत विद्यमान विविधता सम्बोधन गर्न,
- प्रारम्भिक बालविकास सम्बन्धित बहुपक्षीय सेवाका योजना, कार्यक्रमहरूको समतामुलक पहुँच, गुणस्तर, दिगोपन सुनिश्चित गर्न,
- एकीकृत रुपमा कार्यक्रमहरू सञ्चालन, स्रोत साधनको प्रभावकारी व्यवस्थापन र अनुगमन मुल्याङ्कन र गुणस्तर अभिवृद्धि गर्न,
- असल, सभ्य, सुसंस्कृत, समृद्ध र खुशी मानवस्रोत विकास गर्न ।

## १.३ रणनीति योजना निर्माण प्रक्रिया

प्रारम्भमा कर्णाली प्रदेश योजना आयोगका माननीय उपाध्यक्षको अध्यक्षतामा प्रारम्भिक बालविकास प्रारम्भिक निर्देशक समितिको गठन भएको थियो । निर्देशक समितिमा सामाजिक विकास मन्त्रालय र कृषि तथा सहकारी लगायत मन्त्रालयका सचिवहरू, निर्देशक, प्राविधक विज्ञ, प्रशिक्षक र सेभ द चिल्ड्रेनको सहभागिता रहेको थियो ।

### (क) कर्णाली प्रदेश मन्त्रीस्तरीय परामर्श तथा निर्देशक समिति गठन

कर्णाली प्रदेशले "प्रारम्भिक बालविकास रणनीति, २०७९-२०८३" निर्माण गर्नको लागि "प्रारम्भिक बालविकासका लागि प्रदेश सभा सदस्यहरूको सहकार्य समन्वय समूह"को समन्वयमा, सेभ द चिल्ड्रेन तथा सेतो गुराँस राष्ट्रिय बालविकास सेवाको लगायतको संयुक्त सहकार्यमा प्रदेश सरकार योजना आयोगबाट प्रारम्भिक बालविकास प्रदेशको रणनीति निर्माण कार्य अगाडि बढायो । यसैक्रममा निर्देशक समिति गठन प्रक्रिया सम्पन्न गर्न "प्रारम्भिक बालविकास प्रादेशिक रणनीति परामर्श कार्यक्रम" आयोजना गरी मिति २०७७ श्रावण ८ गते बिहीबार प्रदेश योजना आयोगको उपाध्यक्षको अध्यक्षतामा २० सदस्यीय निर्देशक समिति गठन भयो । कर्णाली प्रदेशको प्रारम्भिक बालविकास रणनीति निर्माण सम्बन्धमा निर्देशक समितिका अध्यक्षको नेतृत्वमा विभिन्न चरणमा बैठक, कार्यशाला तथा परामर्शबाट रणनीति निर्माण क्रियाकलापहरू गरिएको थियो ।

### (ख) निर्देशक समिति बैठक

प्रारम्भिक बालविकास रणनीति निर्माणसम्बन्धमा निर्देशक समितिको विभिन्न चरणमा बैठक बसेको थियो । वैठकमा रणनीतिमा समावेश गरिनुपर्ने क्षेत्रहरूको छलफल हुनुका साथै विभिन्न तहमा परामर्श गर्नुपर्ने विषयमा छलफल र निर्देशन भएका थिए । सो बैठकबाट प्रदेश तह र स्थानीय तहको परामर्शको लागि जिल्ला छनौट तथा मिति तय भएका थिए । प्रदेश र स्थानीय तहहरूमा परामर्श कार्यक्रमहरू सञ्चालन गर्नुपूर्व परामर्श कार्यक्रममा संलग्न हुने व्यक्तिहरूलाई परामर्श कार्यक्रम सञ्चालन गर्ने विधि, परामर्शका बेलामा सोध्ने प्रश्नावलीहरू, सहभागी छनौट प्रक्रिया र परामर्श पश्चात तयार पार्नुपर्ने प्रतिवेदनको ढाँचाबारे विस्तृत छलफल गरिएको थियो ।

### (ग) प्रदेश मन्त्रीस्तरीय परामर्श

प्रारम्भिक बालविकास रणनीति निर्माण सम्बन्धमा प्रदेश सरकारका मूख्यमन्त्रीको प्रमुख आतिथ्यमा सम्बन्धित मन्त्रालयहरूका मन्त्री, योजना आयोगका सदस्यहरू, महाशाखा प्रमूख, निर्देशक एवम् कार्यालय प्रमुखको उपस्थितिमा परामर्श भयो । यस परामर्शमा प्रारम्भिक बालविकास सम्बन्धी मुद्दा, चुनौती, सुझावबारे परामर्श भएको थियो ।

### (घ) प्रारम्भिक बालविकास रणनीति निर्माण तथा परामर्श कार्यक्रम

प्रारम्भिक बालविकास प्रदेश रणनीति तर्जुमाको सन्दर्भमा प्रदेश स्तरीय दुईओटा र तीनओटा स्थानीय तहहरूमा परामर्श कार्यक्रमहरू सञ्चालन गरिएको थियो । परामर्श कार्यक्रममा पालिकाहरूका निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरू, समुदायमा महिला तथा बालबालिकासँग प्रत्यक्ष कार्य गर्ने बालविकास केन्द्रका सहजकर्ताहरू, स्वास्थ्य स्वयंसेविकाहरू, बालसंरक्षण संस्थाका प्रतिनिधिहरू, बालविकास केन्द्र व्यवस्थापन समिति र विद्यालय व्यवस्थापन समितिका प्रतिनिधिहरूको सहभागिता थियो । साथै विपन्न तथा पिछडिएका समुदायबाट, दलित, अपाङ्गता भएका र अति विपन्न तथा जोखिममा रहेका परिवारका व्यक्तिहरूको सहभागिता गराइएको थियो ।

कर्णाली प्रदेश प्रारम्भिक बालविकास रणनीति निर्माण निर्देशक समितिको निर्णय अनुसार मिति २०७७ पौष ०८ गतेका दिन कर्णाली प्रदेश योजना आयोगको आयोजना तथा सेतोगुराँस राष्ट्रिय बालविकास सेवा एवम् सेभ द चिल्ड्रेनको सहकार्यमा प्रदेश स्तरीय परामर्श कार्यक्रम सम्पन्न भएको थियो । सो कार्यक्रममा प्रारम्भिक बालविकास रणनीति निर्माण निर्देशक समितिका पदाधिकारीहरू, योजना आयोगका सदस्यहरू, मन्त्रालयका सचिवहरू, महाशाखा प्रमुखहरू, गैससका विषयगत विज्ञ, निजी विद्यालय लगायतका प्रतीनिधिहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा शिक्षा, स्वास्थ, महिला, बालबालिकाका सवालहरूका सम्बन्धमा मन्त्रालयका सचिवहरूबाट प्रस्तुतीकरण भएको थियो । प्रारम्भिक बालविकास सम्बन्धी वर्तमान व्यवस्था, मुद्दा, अवसर, चुनौतीहरूको विश्लेषण गर्नुका साथै सुझावहरू सङ्कलन गरिएको थियो ।

यसरी प्रारम्भिक बालविकास रणनीति तर्जुमाको क्रममा विभिन्न चरणमा औपचारिक, अनौपचारिक छलफल, विचार विमर्श गरिएको थियो । साथै प्रदेशसभाका सदस्यहरूको प्रारम्भिक बालविकासका लागि सहकार्य समन्वय समूह (ECCD Caucus) का सदस्यहरूसँग निरन्तर बैठक गरिएको थियो । यसै अवधिमा कोभिड-१९ महामारीको अकल्पनीय अवस्थाको कारणले भर्चुअल माध्यमबाट एवम् प्रत्यक्ष परामर्श गरी प्रारम्भिक मस्यौदा तयार गरिएको थियो ।


प्रारम्भिक मस्यौदा रणनीतिपत्रको परामर्श र पृष्ठपोषण सङ्कलनका लागि पहिलो कार्यक्रम मिति २०७७ असोज ९ गते प्रदेश योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा योजना आयोगका सदस्यहरू, विभिन्न मन्त्रालयका सचिवहरू, विषयगत कार्यालय प्रमुखहरू तथा गैरसरकारी संस्थाका प्रतिनिधि, निजी विद्यालय लगायतका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा मस्यौदामा छलफल, पृष्ठपोषण र सुझाव सङ्कलन गरिएको थियो ।

यसै सन्दर्भमा मिति २०७८ श्रावण ४ देखि ६ गतेसम्म प्रारम्भिक बालविकास रणनीति निर्माण सम्बन्धी परामर्श एवम सुझाव सङ्कलन कार्यशाला सामाजिक विकास मन्त्रीज्यूको प्रमुख आतिथ्यमा गरिएको थियो । यस कार्यक्रममा कर्णाली प्रदेश योजना आयोगका सदस्य, प्रदेशसभाका सदस्यहरूको प्रारम्भिक बालविकासका लागि

सहकार्य समन्वय समूह (ECCD Caucus) का सदस्य, सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिसँग गरिएको तीन दिने परामर्श कार्यशालामा तयार गरिएको मस्यौदामा छलफल तथा सुझाव सङ्कलन गरी अन्तिम रुप दिइयो ।

रणनीति निर्माणको लागि तयार गरिएको परामर्श खाकाको आधारमा सूचना सङ्कलन, विश्लेषण तथा रणनीतिक उद्देश्य र रणनीति चयन गरियो । यस खाकामा गर्भावस्थादेखि ८ वर्ष उमेर र अवस्थाको बालबालिका केन्द्रित, विश्व स्वास्थ सङ्गठन, युनिसेफबाट प्रस्ताव गरिएको बालबालिकाको पालनपोषण खाका (Nurturing Care Framework) अनुरूप उल्लेखित आवश्यकताहरू राम्रो स्वास्थ, उचित स्याहार, उचित पोषण, सुरक्षा र संरक्षण, उत्प्रेरणा र सिकाइ तथा एकीकृत सेवालाई प्रमुख मनिएको छ ।

**बालबालिकाको उचित सेवा रणनीति खाका**








# परिच्छेद २

# प्रारम्भिक बालविकासको अवस्था विश्लेषण

# परिच्छेद-२
# प्रारम्भिक बालविकासको अवस्था विश्लेषण

## २.१ प्रारम्भिक बालविकासको स्थिती

कर्णाली प्रदेश सरकारको कार्यक्षेत्रभित्र १० जिल्ला, २५ नगरपालिका र ५४ गाउँपालिका गरी कुल ७९ स्थानीय तहका जम्मा ७१८ वडाहरू रहेकाछन्। प्रारम्भिक बालविकास सम्बन्धी सेवाहरू सामाजिक विकास मन्त्रालय अन्तर्गत रही अन्य सरोकार मन्त्रालयहरूको समेत जिम्मेवारी रहेकोछ। देशको राजनीतिक परिवर्तनसँगै संघीय, प्रदेश तथा स्थानीय सरकारको कार्यपद्धतिमा प्रारम्भिक बालविकास सम्बन्धी सेवामा सरोकारवाला मन्त्रालयको ध्यानाकर्षण भएकोछ।

बालविकासको वर्तमान अवस्थाले भविष्यको जनशक्ति प्रतिबिम्वित गर्दछ। कर्णाली प्रदेशमा प्रारम्भिक बालविकास सम्बन्धी स्वास्थ, पोषण, सुरक्षा र बालशिक्षा कार्यक्रम विगत ३ दशक देखि सञ्चालनमा आएको पाइन्छ। तीनदशक अघिको तुलनामा बालविकासमा सचेतना, राजनीतिक एवम् व्यवस्थापकीय प्रतिवद्धता वृद्धि, बालपोषण, बालविकास केन्द्रमा भर्नादर वृद्धि, बालमृत्युदर र मातृमृत्युदरमा कमी आएको छ। यद्यपी राष्ट्रिय औसतको अवस्थामा पुग्ने प्रयास गर्नुपर्ने देखिन्छ।

**बाल स्वास्थ्य**

बि.सं.२०७८ को जनगणनाको प्रारम्भिक नतिजा अनुसार प्रदेशको कुल जनसंख्या १६,९४,८८९ रहेकोछ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS) को आ.व. २०७५/०७६ को लागि गरिएको प्रक्षेपण अनुसार १ वर्षमुनिका बालबालिकाको संख्या ३६,९४९ छ भने ५ वर्ष मुनिका बालबालिकाको संख्या १,८०,९१३ रहेको छ। त्यस्तै १० वर्ष देखि १९ वर्षसम्मका किशोरकिशोरीको संख्या ३,६४,०५० छ। १५ देखि ४९ वर्षका प्रजनन् उमेरका महिलाहरूको संख्या ५,०४,५७९ रहेकोछ। प्रदेशमा अनुमानित गर्भवती महिलाहरूको संख्या ४४,९७८ छ।

**कर्णाली प्रदेशका केही महत्वपूर्ण स्वास्थ्य सूचकहरू**

| क.सं. | सूचक | नेपाल | कर्णाली प्रदेश | स्रोत |
|---|---|---|---|---|
| १ | ५ वर्ष मुनिका बालबालिकाको मृत्युदर | २८ | ३० | NMICS 2019 |
| २ | शिशु मृत्युदर | २५ | २७ | NMICS 2019 |
| ३ | नवजात शिशु मृत्युदर | १६ | ११ | NMICS 2019 |
| ४ | संस्थागत प्रसूतिको प्रतिशत | ५७ | ३६ | NMICS 2019 |
| ५ | ५ वर्ष मुनिका कम तौल भएका बालबालिकाको प्रतिशत | २४.३ | ३७.४ | NMICS 2019 |
| ६ | ५ वर्ष मुनिको पुडकोपन भएका बालबालिकाको प्रतिशत | ३६ | ४७.८ | NMICS 2019 |
| ७ | पूर्ण खोप पाएका १२ देखि २३ महिनाको बालबालिकाको प्रतिशत | ६५ (२०७६/२०७७) | ७४.४ | Health Service Directorate, FY 2076/77 |
| ८ | औसत आयु | ७१ | ६५.६ | Health profile 2019 |
| ९ | मानवविकास सूचाङ्क | ०.४९ | ०४२७ | Health profile 2019 |
| १० | निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या | १८.७ | २८.९ | Health profile 2019 |
| ११ | बहुआयामिक गरिबीको दर | २८.६ | ५१.२ | Health profile 2019 |

हाल प्रदेशमा १५ वटा अस्पताल, १४ वटा प्राथमिक स्वास्थ्य केन्द्र, ३३६ वटा स्वास्थ्य चौकी, एक प्रदेश आयुर्वेद औषधालय, ९ वटा जिल्लास्तर आयुर्वेद स्वास्थ्य केन्द्र एवं १८ वटा स्थानीयस्तरका आयुर्वेद औषधालयहरूले स्वास्थ्य सेवा प्रवाह गरिरहेका छन्। २७४ प्रसूति केन्द्र, २८ आकस्मिक प्रसूति केन्द्र, ४३४१ महिला स्वास्थ स्वयम्सेविका छन् तर प्रदेशमा सरकारी तहबाट सञ्चालित छुट्टै बाल अस्पताल छैन । शहरी क्षेत्रमा निजी क्षेत्रबाट सञ्चालित केही अस्पतालहरू भए तापनि बालअस्पताल तथा  बालमैत्री सेवा न्यून छ (प्रथम पञ्चवर्षीय योजना, २०७६) । प्रारम्भिक उमेरका बालबालिकाको राष्ट्रिय औसतको तथ्याङ्कको दाँजोमा यस प्रदेशको अवस्था कमजोर रहेको तथ्याङ्कले पुष्टि गर्दछ ।

### आधारभूत शिक्षा

मन्त्रालयले हालसम्म प्रदेश शिक्षा ऐन तथा नीतिको मस्यौदा तयार गरिसकेको छ । यस प्रदेशमा २,९९४ प्राथमिक विद्यालय छन् जहाँ २९८,७३५ बालबालिका अध्ययनरत छन् । कूल बालविकास केन्द्र २७१९ बाट ९४,९६७ बालबालिका लाभान्वित भएका छन् (फ्लास रिपोर्ट, २०७७) । साथै बालविकास केन्द्रबाट कक्षा एकमा प्रारम्भिक बालविकासको अनुभव लिएका ६३.४ प्रतिशत छन् भने राष्ट्रिय औसत ७०.१ प्रतिशत छ । बालविकास केन्द्रमा कूल भर्नादर ७९.० प्रतिशत छन् भने राष्ट्रिय औसत ८७.७ छ (Flash 20/21) । विभिन्न निकाय, संघसस्थाहरूको सहकार्यमा अभिभावक सचेतना कार्यक्रम, शिशु स्याहार केन्द्र, बालविकास केन्द्र लगायत सेवा सञ्चालनमा आएका छन् ।

यसैगरी प्रारम्भिक उमेर समूहका बालबाबालिकाको सिकाइको सन्दर्भमा शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०२०) अनुसार कर्णालीका कक्षा ३ का बालबालिकाको पढाइ सक्षमता सबैभन्दा कम ३९.४४% (राष्ट्रिय-४३.५%) र गणितीय सक्षमता पनि सबैभन्दा कम २५.१५% (राष्ट्रिय-३७.२२%) रहेको देखिन्छ । सेभ द चिल्ड्रेनले २०१९ मा कर्णालीका ५ स्थानीय तहमा अन्तराष्ट्रिय विकास र पूर्व सिकाइ मूल्याङ्कन (IDELA) को आधारमा गरिएको सर्भे अनुसार नतिजा जम्मा ३८.७% रहेको पाइयो ।

### बालपोषण तथा स्याहार

बालपोषण केन्द्रित कार्यक्रमहरू निरन्तर रूपमा सञ्चालन भइरहेको छ। विभिन्न प्रयासका बावजुद राष्ट्रिय औसत प्रतिशतको तुलनामा अझ पनि बालबालिकाको अवस्था नाजुक रहेको नकार्न सकिदैन । यस प्रदेशका ५३ प्रतिशत बालबालिका कुपोषित रहेका छन् । नवजात र शिशुमृत्युदर औसतभन्दा उच्च क्रमश २९ र ४७ छन् । ५ वर्षमुनिका तौल नपुगेका बालबालिका ५५ प्रतिशत छ भने राष्ट्रिय औसत ३६ प्रतिशत मात्र रहेको छ । कर्णाली प्रदेशमा शुद्ध खानेपानीको पहुँच नपाएका ३३.७ प्रतिशत परिवार छन् ।

### बालसुरक्षा र संरक्षण

प्रारम्भिक उमेरका बालबालिकाको लागि सामाजिक विकास मन्त्रालयबाट सुरक्षा भत्ताको व्यवस्था गरिएको छ । साथै बालिकाहरूलाई रु १,००० को बचत खाता खोलिदिने व्यवस्था गरिएको छ । प्रदेशमा अतिविपन्न, सीमान्तकृत समुदायमा बालअधिकारबारे सचेतनामा कमीको कारणले बालबालिकामा विभेद, हेला, सजाय विद्यमान रहेको पाइन्छ ।  बालबालिकाले कलिलो उमेरमा श्रम गर्नुपर्ने बाध्यता, घरेलु तथा बाह्य हिंसा, दुर्घटनाको सिकार हुनुपरेको छ । अपाङ्गता भएका, राउटे बालबालिका, अन्य लोपोन्मुख, अल्पसख्यक, एचआइभी संक्रमित बालबालिकाको विकास, सुरक्षा, र सिकाइको अवसर उनीहरूको भाषा, संस्कृति, जीवनशैली, अवस्था र क्षमता अनुरूप भएको छैन । त्यसैगरी विपदको अवस्थामा बालबालिका केन्द्रीत  सेवा तथा कार्यक्रमको अभाव रहेको छ ।

### बहुपक्षीय एकीकृत सेवा

स्वास्थ्य, स्याहार, पोषण, सिकाइ तथा संरक्षण सम्बन्धी नीति, योजना, कार्यक्रम सम्बन्धित मन्त्रालय, विभागको सेवाहरू स्थानीयतहबाट कार्यन्वयन भएको पाइन्छ । तर गर्भावस्थादेखि प्रारम्भिक उमेरका बालबालिकाको स्वास्थ्य, स्याहार, पोषण, सिकाइ तथा संरक्षणको एकीकृत व्यवस्था भएको छैन । विद्यालय शिक्षा सुरु गर्नुअघि चार

वर्ष पुगेका सबै बालबालिकालाई एकवर्षको बालविकास र शिक्षा अनिवार्य भए तापनि चारवर्ष भन्दा कम उमेरका बालबालिकाको सिकाइ र सर्वाङ्गीण विकास हुने सेवा र कार्यक्रम भएको छैन । अझैपनि बालबालिकालाई उचित प्रारम्भिक बालविकास एवम अर्थपूर्ण सिकाइको उमेर र अवस्था सुहाउँदो अवसर पर्याप्त छैन । कार्यक्रमको अनुगमन, मूल्याङ्कन कार्य, गुणस्तर, दिगोपनको संयन्त्र अपेक्षा गरिएअनुसार कायम भएको पाइदैन ।

## २.२ नेपालमा प्रारम्भिक बालविकास सम्बन्धी व्यवस्था

प्रारम्भिक बालविकासका परियोजना र राष्ट्रिय कार्यक्रमको रूपमा गर्भावस्था, शिशु र बालबालिकाहरूका लागि सञ्चालन तथा विस्तार हुँदै आइरहेको छ । हाल नेपालमा सरकारी, गैरसरकारी सघंसंस्थाहरू र निजी क्षेत्रको संलग्नतामा विभिन्न नामबाट प्रारम्भिक बालविकासका कार्यक्रमहरू सञ्चालित भएको पाइन्छ । बाल स्वास्थ्य, पोषण र सुरक्षा, बालशिक्षा सम्बन्धी कार्यक्रमहरूलाई सुनौलो हजार दिन, बहुक्षेत्रीय पोषण कार्यक्रम, अभिभावक शिक्षा, दिवा शिशु स्याहार केन्द्र, शिशु स्याहार केन्द्र, विद्यालय तथा समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्र र पूर्व प्राथमिक कक्षा, नर्सरी, किण्डरगार्डेन विद्यालय, आदि नामबाट चिनिन्छ ।

### वैधानिक व्यवस्था

नेपालको संविधानमा प्रारम्भिक बालविकास र सहभागिताको हक मौलिक हकको रुपमा सुनिश्चित हुने व्यवस्था छ । प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने व्यवस्था छ ।

नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक तथा धारा ३५ ले स्वास्थ्य सम्बन्धी हक अन्तर्गत प्रत्येक बालबालिकालाई निशुल्क र अनिवार्य आधारभूत शिक्षा र नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने र कोही पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित हुन नपर्ने र स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक प्रदान गरिएको छ । त्यसैगरी धारा ३९ मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने कुरा उल्लेख गरिएका छ ।

### कानूनी व्यवस्था

प्रारम्भिक बालविकासको लागि नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ र बालबालिकासम्बन्धी ऐन २०७५ जारी गरिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६, बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ मा प्रारम्भिक बालविकास सम्वन्धी व्यवस्था उल्लेख छ । पन्ध्रौं योजना २०७६/७७-२०८०/८१, विद्यालय क्षेत्र विकास योजना २०७३-२०८०, बहुक्षेत्रीय पोषण योजना दोस्रो २०७५/७६-२०७९/८० मा पनि प्रारम्भिक बालविकास सम्वन्धी व्यवस्था उल्लेख छ भने कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनामा प्रारम्भिक बालविकासलाई सम्बोधन गरेको पाइन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको अधिकारको सूचीभित्र आधारभूत शिक्षा, स्वास्थ्य र सरसफाईको विषयलाई स्थानीय तहको काम, कर्तव्य र अधिकारको रूपमा प्रस्तुत गरिएको र प्रारम्भिक बालविकास सम्बन्धी काम, कर्तव्य र अधिकारहरू गाँउपालिका तथा नगरपालिका र वडा समितिहरूद्वारा सेवा पुऱ्याउने उल्लेख छ । यस ऐनले गाँउपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बालविकास तथा शिक्षा र अभिभावक शिक्षा, मातृ शिशु कल्याण, महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, मूल्याङ्कन, नियमन र गुणस्तर निर्धारण गर्ने अधिकार प्रदान गरेको छ ।

वडा तहमा वडा समितिहरूले बालबालिकाहरूको उचित विकासका लागि बाल उद्यानको व्यवस्था गर्ने, शिशु स्याहार तथा प्रारम्भिक बालविकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने, आधारभूत विद्यालय खोल्न

सिफारिस गर्ने तथा वडालाई बालमैत्री बनाउने काम, कर्तव्य र अधिकार तोकिएको छ। बालबालिकाको स्वास्थ्य र पोषणसम्बन्धमा स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवाको व्यवस्थापन, खोप सेवा कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा समन्वय, पोषण कार्यक्रमको सञ्चालन तथा समन्वय, स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने जिम्मेवारीहरू तोकिएका छन्। त्यसै गरी जन्ममिति प्रमाणित गर्ने, अशक्त, असहाय तथा अनाथको पालनपोषणको लागि सिफारिस गर्ने काम, कर्तव्य र अधिकार तोकिएका छन्।

**कार्यक्रमगत व्यवस्था**

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र स्थानीय तहमा पालिकाबाट प्रजनन स्वास्थ, मातृस्वास्थ्य तथा पोषण, बाल स्वास्थ्य एवम् स्याहार, सुनौला हजार दिन जस्ता सेवाहरू प्रदान गरिरहेको छ। बालपोषण कार्यक्रम अन्तर्गत स्तनपान, भिटामिन ए, एक घर एक करेसाबारी, दिवा खाजा, कुपोषण रोकथाम लगायत सेवा सञ्चालित छन्।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट बालबालिकालाई अनिवार्य एक वर्ष अवधिको प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था उल्लेख छ। **"एक विद्यालय-एक बालविकास केन्द्र"** को अवधारणा र प्रारम्भिक बालविकास कक्षामा निर्धारित मापदण्ड अनुरूप बसाइ व्यवस्था र सरसफाइलाई पनि ध्यान दिइने र खेल, सिकाइ, मनोरञ्जन एवं अडियो-भिडियो सामग्रीहरूको व्यवस्था गरी आकर्षक, मनोरञ्जनात्मक र बालमैत्री कक्षाकोठाको व्यवस्था गरिने योजना रहेको छ।

**खानेपानी तथा सरसफाई**

आधारभूत खानेपानी तथा सरसफाइ सेवाबाट बञ्चित रहेका समुदायको सहभागितामा खानेपानी तथा सरसफाइ सेवा पुऱ्याउने र "एक घर एक धारा" को अवधारणा अनुरूप खानेपानी आयोजना निर्माण गरिने कार्य खानेपानी मन्त्रालय अन्तर्गत रहेको छ भने प्रदेश तहमा भौतिक पुर्वाधार मन्त्रालयबाट सेवा प्रदान गरिएको छ।

महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले बालबालिकाको सुरक्षा र संरक्षणसम्बन्धी सरोकार राख्दछ। प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय अन्तर्गत असहाय, अनाथ, अपाङ्गता भएका तथा वेवारिसे बालबालिकाहरूलाई संरक्षण र सम्बर्द्धन गर्ने र बालबालिकाको पहुँचयुक्त पूर्वाधारको निर्माण गरी बालमैत्री वातावरण सृजना गर्ने रणनीति रहेको तथा अनाथ तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरूलाई जन्मदर्ता र नागरिकता उपलब्ध गराउने उल्लेख छ। सामाजिक विकास मन्त्रालय, कृषि मन्त्रालय, भौतिक पूर्वाधार, सूचना तथा संचार मन्त्रालय लगायतको नीति, योजना तथा कार्यक्रमहरू तर्जुमा गर्नुपर्ने जिम्मेवारी रहेको छ।

**प्रारम्भिक बालविकासको राष्ट्रिय रणनीति**

प्रारम्भिक बालविकासको राष्ट्रिय रणनीति २०६१ को कार्यान्वयनपछि नेपालको संघीय संरचनामा सम्बोधन गर्नको लागि प्रारम्भिक बालविकासको राष्ट्रिय रणनीति २०७७–२०८८ जारी गरिएको छ। प्रारम्भिक उमेर समूहका बालबालिकाहरूका लागि सर्वाङ्गीण विकासको अधिकार सुनिश्चित गर्न संघीय, प्रादेशिक र स्थानीय तहमा नीति, योजना र कार्यक्रमहरू तर्जुमा गर्न मार्गनिर्देश गर्नका लागि यो रणनीतिले पथप्रदर्शकको भूमिका बहन गरएको छ। प्रारम्भिक बालविकासको अवधारणा, परिभाषा र दूरदृष्टिमा तीनै तहका सम्बद्ध निकायहरूका बीचमा स्पष्ट एवं समान धारणा निर्माण गरी उपलब्ध आर्थिक तथा अन्य स्रोतहरूको अधिकतम परिचालन गरी गुणस्तरीय प्रारम्भिक बालविकास सेवाको पहुँचमा पुऱ्याउन यो रणनीति निर्माण गरिएको छ।

**कर्णाली प्रदेश प्रथम पञ्चवर्षिय योजना आधारपत्र (२०७६/७७ – २०८०/८१)**

कर्णाली प्रदेश प्रथम पञ्चवर्षीय योजनामा प्रारम्भिक बालविकासको लागि स्वास्थ, पोषण, सुरक्षा, शिक्षा लगायतका अन्तरसम्बन्धित विषयहरू समावेश गरिएको छ। सामाजिक क्षेत्र, आर्थिक क्षेत्र, सुशासन, अन्तरसम्बन्धित क्षेत्र लगायतका क्षेत्रहरू मार्फत बालबालिकाको अधिकार सुनिश्चतता सम्बन्धी सोँच, लक्ष्य, उद्देश्य, रणनीति कार्यनीतिहरू तय गरिएका छन्।

| रणनीति | कार्यनीति |
| --- | --- |
| १. बालबालिका तथा किशोर किशोरी शिक्षा र स्वास्थ सेवामा पहुँच बढाउने । | क) बालविकास कार्यक्रमलाई विस्तार गरी सबै बालबालिकाको पहुँच सुनिश्चित गरिनेछ ।<br>ख) बालबालिका तथा किशोरीहरूको उमेर र कक्षाअनुसार सबै विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।<br>ग) अनाथ, अभिभावकविहीन, द्वन्द प्रभावित तथा सडक बालबालिकाको बालविकास केन्द्रमा पहुँच सुनिश्चित गर्न प्रवन्ध गरिनेछ ।<br>घ) बालबालिकाको आधारभूत स्वास्थ पोषण सम्बन्धी सेवामा पहुँच सुनिश्चित गरिनेछ । |
| २. बालबालिका तथा असहाय, अनाथ, अशक्त तथा बेवारिसे, जोखिममा रहेका बालबालिका बिरुद्ध हुने सबै प्रकारको हिंसाको अन्त्य गर्ने । | क) बालबालिका तथा किशोरकिशोरीको अधिकार संरक्षण तथा सम्बर्धन सम्बन्धी नीति, कानून योजना तथा कार्यक्रम र मापदण्डहरूको निर्माण तथा प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>ख) बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने हिसा, यौन दुव्यवहार, बाल श्रम, यौन दुरव्यवहार, लागु औषध दुर्व्यसन, बेचविखन तथा ओसारपसार, बालविवाह विरुद्धका विभिन्न अभियानहरू सञ्चालन गरिनेछ ।<br>ग) प्रदेशमा आपतत्कालीन कोष स्थापना गरी सञ्चालन गरिनुका साथै स्थानीय तहमा सहजीकरण गरिनेछ ।<br>घ) बाल बालिकाको खोजतलास नं १०४ र बाल हेल्पलाइन १०९८ को सेवालाई सुदृढ र प्रभावकारी बनाइनेछ । |
| ३. सबै प्रकारको बालश्रमको अन्त्य गर्ने । | • प्रदेश तथा स्थानीय तहबाट सबै प्रकारका बालश्रमको अन्त्य गर्न आवश्यक कानुनी, नीतिगत तथा कार्यक्रमको व्यवस्था गरी कार्यान्वयन गरिनेछ । |
| ४. बालगृह, पुर्नस्थापना केन्द्रमा रहेका बालबालिकालाई संरक्षण गर्ने । | • विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई वैकल्पिक हेरचाह र स्याहार प्रणाली स्थापना गरिनेछ ।<br>• बालबालिकालाई सामाजिक जीवनमा सहभागी हुने वातावरण सिर्जना गरिनेछ ।<br>• बाल क्लव /बाल समूहको गठन तथा सञ्चालन विस्तार गरी बालबालिकाको संरक्षण गरिनेछ । |
| ५. बालबालिकाको पहुँचयुक्त पूर्वाधार निर्माण गरी बालमैत्री वातावरण सिर्जना गर्ने । | • बालमैत्री स्थानीय शासनको आवश्यक पूर्वाधार तथा बालअधिकार सुनिश्चित गरिनेछ ।<br>• सार्वजनिक स्थल तथा विद्यालयका भौतिक संरचना र अन्य संरचनालाई जोखिमरहित र बालमैत्री बनाइनेछ ।<br>• बालमैत्री पाठ्यक्रम समावेश गरी अभिमुखीकरण तथा क्षमता अभिबृद्धि तालिम प्रदान गरिनेछ ।<br>• कर्णाली प्रदेशलाई बालमैत्री प्रदेश निर्माणका लागि बाल संरक्षण प्रणाली स्थापना गरी सुदृढीकरण समेत गरिनेछ । |

## २.३ प्रारम्भिक बालविकासका चुनौती र समस्याहरू

प्रदेश तथा स्थानीय तहमा भएको परामर्श एवम प्रदेश योजना आयोगबाट प्रकाशित दस्तावेजहरूको आधारमा प्रारम्भिक बालविकासका चुनौतिहरू देहाय बमोजिम छन् ।

### क) भौगोलिक विकटता र जटिलता

बालविकासका लागि आधारभूत स्वास्थ, शिक्षा, पोषण, खानेपानी जस्ता एकीकृत सेवाहरू भौगोलिक विकटता र जटिलताका कारण समयमै लक्षित समूहसम्म पुऱ्याउन सकिएको छैन । बालविकास केन्द्र र घरको दूरी धेरैजसो ठाउँमा आधा घण्टाभन्दा पनि वढी रहेको छ । बालविकास केन्द्र वा पुर्व प्राथमिक विद्यालय पुग्न धेरै समय लाग्ने हुनाले अभिभावकहरू आफ्ना शिशु र बालबालिकालाई आफै बालविकास केन्द्र वा पुर्व प्राथमिक विद्यालय पुऱ्याउन कठिनाई रहेको छ । सेवास्थलसम्म पुग्ने बाटो वन, खोलानाला, भीरपाखाहरूको कारण बालबालिकाहरू विद्यालय वा सेवास्थल पुग्न कठिन भएको छ । भौगोलिक विकटताका कारण सुत्केरी गराउन र अनिवार्य स्वास्थ्य सामग्री लक्षित समूहसम्म पुऱ्याउन पनि कठिन छ ।

### ख) आर्थिक विपन्नता

प्रारम्भिक उमेरका बालबालिकाहरूको अधिकांश घरपरिवारहरू आर्थिक रुपमा विपन्न रहेका छन् । भौगोलिक विकटताका कारण अधिकांश घरपरिवारमा कृषिबाट पनि वर्षभरी धान्न सकिने अन्न उत्पादन नहुने, दैनिक ज्यालादारीबाट गरिएको अर्थोपार्जनले प्रारम्भिक उमेर समुहका बालबालिकाहरूको स्वास्थ, पोषण, हेरचाह, सुरक्षा, खेलसामग्री, आदि कुराहरूको जोहो गर्न सकिरहेका छैनन् । विहान देखि बेलुकासम्म काममा मात्रै लागि रहँदा बालबालिकाले उचित स्याहार नपाउने र अभिभावकहरू प्रारम्भिक बालविकास सम्बन्धित कार्यक्रममा भाग लिन वा सो सम्बन्धी जानकारी लिने अवसर पनि पाएका छैनन् ।

### ग) नीति तथा कानून, कार्यक्रमको सामान्जस्यता

नेपालको संविधानमा प्रारम्भिक बालविकास सुनिश्चित भए तापनि सम्बन्धित ऐन, कानून, नीतिनियम, र कार्यक्रम अपर्याप्त र अनुकूल रहेको पाइदैन । प्रारम्भिक बालविकासका लागि चाहिने स्वास्थ्य, पोषण, सिकाइ र सुरक्षा सम्बन्धी सेवा सुविधाहरू एकीकृत रुपमा एकमुष्ट तरिकाले प्रदान गर्ने नीति तथा कानुन वा कार्यक्रमहरूको अभाव रहेको छ ।

### घ) समयसापेक्ष प्रारम्भिक बालविकासको सचेतनामा कमी

आमाबुबा र स्याहारकर्ताहरू प्रारम्भिक बालविकासका लागि गर्नुपर्ने भूमिकाबारे अनभिज्ञ रहेकाछन् । प्रायजसो आमाबुबा र स्याहारकर्ताहरू अशिक्षित रहेकाले प्रारम्भिक उमेर समूहका बालबालिकाहरूको स्वास्थ्य, पोषण, सुरक्षा उत्प्रेरणा र सिकाइ सम्बन्धी ध्यान पुगेको छैन । साथै पुराना परम्परागत तथा सांस्कृतिक कुरीति र रूढिवादी चलन जस्तै छाउपडी, लैङ्गिक र जातीय विभेद, धामीझाँक्री, आदि बालबालिकाको विकासको बाधक रहेकाछन् । बालविकासका बारेमा संवेदनशील नभएको कारण बालबालिकाको उमेर अनुसारको व्यवहार, भाषा र संकेतको कदर नगर्ने, उचित सुरक्षा र संरक्षणको कमी रहेको छ । अशिक्षा र गरिबीका कारण गर्भावस्थादेखि नै स्वास्थ्य, सरसफाइ, प्रारम्भिक उमेरको लालनपालन सम्बन्धी चेतनाको कमी रहेको छ ।

### ङ) आधारभूत कार्यक्रम र सेवामा अपर्याप्त पहुँच

विपन्न र अति विपन्न परिवारमा बालबालिकाको लागि आधारभूत आवश्यकताहरू जस्तै पौष्टिक आहार, सरसफाइमा कमी साथै सिक्ने अवसरका कमी रहेको छ । बालविकास केन्द्रमा प्रायः शौचालयको अभाव रहेको र शौचालय उपलब्ध भए तापनि बालमैत्री शौचालय रहेको छैन । यसै गरी आधा जति विद्यालयसँग आवद्ध बालविकास केन्द्रमा खानेपानी र सरसफाइको सुविधा रहेको छैन । स्थानीय तहमा स्वास्थ्यकर्मीको अभाव र विज्ञ स्वास्थ्यकर्मीको पुर्ति गर्न सकिएको छैन । प्रारम्भिक उमेर समूहको बालबालिकाहरूको उत्तरदायित्व पूर्वक हेरचाह गर्ने सम्बन्धी समस्या भनेको परम्परागत कृषि पेशामा निर्भरता र काममा व्यस्तताका कारण प्रारम्भिक उमेर समूहको बालबालिकाहरूको

उचित हेरचाह गर्न सिकाइ केन्द्रहरूमा बालबालिकाहरूको सिकाइलाई टेवा पुऱ्याउन मद्दत हुने खालका सेवा सुविधाको अभाव रहेको देखिन्छ । गुणस्तरीय सिकाइका लागि सिकाइ केन्द्र र घरको वातावरणमा सामन्जस्यताको अभाव रहेको छ ।

खासगरी दुर्गम क्षेत्रमा बसोबास गरिरहेका प्रारम्भिक बालबालिकाहरूका लागि पोषण सम्बन्धी सेवा सुविधाहरू सर्वसुलभ हुन सकेका छैनन् । बालबालिकाहरूलाई क्याल्सियमको निःशुल्क वितरणको अभाव, प्रारम्भिक उमेरका बालबालिकाहरूको घरपरिवारमा करेसाबारीको उचित व्यावस्थापन हुन नसकेको, घरपरिवारमा पोषिलो आहारको अभ्यासमा निकै कमी रहेको, पूर्ण स्तनपानको अभ्यासमा कमी र बालबालिकाहरूलाई पर्याप्त फलफूल, तरकारी र सन्तुलित आहारको अभावलाई प्रारम्भिक बालबालिकाहरूको पोषण सम्बन्धी चुनौतिको रुपमा लिन सकिन्छ। यसैगरी शुद्ध खानेपानी सबै ठाउँमा पहुँच नभएको स्थानमा उचित व्यवस्थापनको अभाव छ । आमा र बच्चालाई आवश्यक पोषिलो खाना उपलब्ध भईरहेको छैन । अधिकांश सिकाइ केन्द्रमा बालबालिकाहरूको लागि दिवा खाजाको व्यवस्था भएको छैन ।

गर्भावस्थामा स्वास्थ्य परीक्षण गर्न गर्भवती आमाहरूले टाढाटाढा जानुपर्ने र सोको लागि यातायातको समेत व्यवस्था नभएको अवस्था विद्यमान छ। स्वास्थ्य सेवा र सुविधाहरूमा दूरदराजका गर्भवती आमा र प्रारम्भिक उमेरका बालबालिकाहरूको समुचित पहुँच नहुनु पनि प्रारम्भिक बालविकासका बाधाको रूपमा लिन सकिन्छ । स्वास्थ संस्था उपलब्ध भए तापनि ती संस्थाहरूमा प्रारम्भिक उमेरका बालबालिकाहरूको लागि चाहिने स्वास्थ्य सेवाहरू, तथा सामग्रीहरू उपलब्ध रहेको छैन । यस अतिरिक्त कर्णाली प्रदेशका कतिपय ठाउँहरूमा खोप केन्द्र र सूचनाको अभावको रहेको छ । कतिपय स्वास्थ्य चौकीहरूमा औषधिको समेत अभाव हुनु पनि कर्णाली प्रदेशमा प्रारम्भिक बालविकासको स्वास्थ्य क्षेत्रलाई बाधा पुऱ्याउने चुनौतिहरू हुन् । बालबालिकाहरू खेलको माध्यमबाट सिक्ने कुरा स्वीकार गरे पनि धेरैजसो स्थानीय तहमा त्यसका लागि उपयुक्त सिकाइ वातावरण र अवसर पर्याप्त छैनन् ।

### च) गुणस्तरीय एकीकृत सेवाको कमी

प्रारम्भिक बालविकासका लागि बहुपक्षीय सेवाहरू र सो सेवाहरूको एकीकृत रूपमा कार्यन्वयनमा समन्वय र सहकार्यमा चुनौती रहेको छ । बालविकासका लागि शिक्षा, स्वास्थ्य, पोषण, आदि पक्षहरूसम्बन्धी सेवा सुविधाहरू क्रमशः सामाजिक विकास मन्त्रालय, भौतिक पूर्वाधार मन्त्रालय, कृषि पशुपन्छी तथा सहकारी मन्त्रालय लगायतका निकायहरूद्वारा प्रदान गरिने सेवा सुविधाहरू अझै एकीकृत हुन सकेको छैन । बहुपक्षीय सेवा सम्बन्धी एकीकृत व्यवस्थाका लागि एउटा छुट्टै संयन्त्रको अभाव रहेको छ । भिन्नभिन्न निकायको सेवा सुविधाहरूको भिन्नभिन्न प्रकार र स्रोतबाट प्रवाह भएको कारण ती सेवा सुविधाहरू भौगोलिक विकटता, गरिबी, सचेतनाको अभावमा प्रभावकारी हुन सकेको छैन । विद्यमान सेवाहरूको गुणस्तरको स्तर निर्धारणको अभाव रहेको कारणले अनुगमन मूल्यांकनमा चुनौती रहेको छ ।

### छ) सञ्चार, समन्वय र सहकार्यको कमी

सञ्चार माध्यमहरूमा प्रारम्भिक बालविकास सम्बन्धी सूचना प्रवाह अति न्यून रहेको छ । प्रारम्भिक बालविकास सम्बन्धी सूचनाको हक सुनिश्चित भएको छैन । प्रारम्भिक उमेरका बालबालिकाको निम्ति कुन मन्त्रालयबाट के-कति सुविधा उपलब्ध रहेको कुरा परिवारलाई जानकारी रहेको छैन ।

### ज) लोपोन्मुख, अल्पसङ्ख्यक, आदिबासी, अपाङ्गता, एचआइभी संक्रमितको सहभागीतामा कमी

संरक्षण र सुरक्षाकाको सन्दर्भमा अपाङ्गता भएका, एच.आइ.भी. संक्रमित, नसर्ने रोगबाट पिडित, कुपोषित, आमाबाबु विहीन बालबालिका बढी जोखिममा रहने हुँदा यस प्रदेशमा बालबालिकाहरू सर्वाङ्गीण बालविकासको अवसरबाट विमुख भएकाछन् । प्रारम्भिक उमेरका बालबालिकालाई घर, समुदाय र केन्द्रहरूमा विपद् व्यवस्थापन सम्बन्धी नीति रहे पनि व्यवहारमा आएको छैन । सर्वाङ्गीण बालविकासको दृष्टिकोणले लोपोन्मुख (राउटे, माझी, आदि) र अल्पसंख्यक जातिका बालबालिकाहरूको आवश्यकता र परिवेश अनुरूप हुन नसकेको कारणले उनीहरूको अन्तर्निहित विकासमा अवसरको अभाव रहेको छ ।

**झ) लगानी, स्रोत व्यवस्थापन, अनुगमन, मुल्याङ्कनमा कमी**

प्रारम्भिक बालविकासका लागि सेवा सुविधाहरू एकीकृत रुपमा प्रवाह गर्न स्थानीय तहमा पर्याप्त बजेट रहेको छैन । नीति, कार्यक्रम, रणनीति, स्रोत परिचालन कार्यान्वयन प्रभावकारी बनाउन कठिन भएको छ । कर्णाली प्रदेशमा प्रारम्भिक उमेरका बालबालिकाहरूलाई सामाजिक सुरक्षा भत्ता स्वरुप प्रत्येक महिना ५०० (पाँच सय रुपैया) दिइन्छ तर सो सहयोगको अनुगमन प्रक्रिया रहेको छैन । बालविकास केन्द्रमा खाजा स्वरूप उपलब्ध खर्च बालबालिकाहरूको पोषणका लागि पर्याप्त छैन । कुनै गाउँपालिकाहरूको वडाहरूमा पोषण सम्बन्धी सेवा सुविधाहरूको समान वितरण हुन सकेको छैन । भिन्नभिन्न निकायहरूद्वारा बालविकासका लागि प्रदान गरिने सेवाहरूको अनुगमन र मुल्याङ्कन गर्ने सशक्त र स्पष्ट संयन्त्र तयार भएको छैन ।

**ञ) बालमैत्री पूर्वाधारको कमी**

अधिकांश बालविकास केन्द्र वा पूर्वप्राथमिक विद्यालयमा बालमैत्री पुर्वाधारको अभाव रहेको छ । बालमैत्री शौचालय नभएको, अपाङ्ता भएका बालबालिकाहरूको लागि शौचलय र कक्षाकोठामा पुग्ने र्‍याम्पको व्यवस्था नभएको, सिकाइ सामग्री लागायत र खेल्ने चौरको समेत अभाव रहेको छ ।

**ट) तथ्याङ्क, अभिलेख, अध्ययन अनुसन्धान कमी**

गर्भावस्था देखी ८ बर्ष उमेर समूहका बालबालिकाहरूको सर्वाङ्गीण विकास सम्बन्धी अभिलेखीकरण चुस्त र दुरुस्त रहेको छैन । ती उमेर समूहको बालबालिकाहरूको वस्तुगत विवरणहरू पनि समबन्धित निकायमा अभाव रहेको छ। बालबालिकाहरूले उमेरगत रुपमा पाएको बालविकास सम्बन्धी सेवाहरूको तथ्याङ्क र अभिलेख अद्यावधिक छैन ।

## २.४ प्रारम्भिक बालविकासका लागि अवसरहरू

**क) राष्ट्रिय नीति, कानूनमा प्रारम्भिक बालविकासको हक**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५, र बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ मा प्रारम्भिक बालविकाससम्बन्धी कानूनी प्रावधान रहेका छन् । त्यस्तै, पन्ध्रौं योजनाको आधारपत्र (२०७६/७७-२०८०/८१), विद्यालय क्षेत्र विकास योजना (२०७३-२०८०), कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना आधार पत्रमा बालबालिकाको शिक्षा, स्वास्थ, सुरक्षाको सम्बोधन गरिएको छ ।

**ख) राजनीतिक र व्यवस्थापकीय प्रतिबद्धता**

"प्रारम्भिक बालविकासका लागि प्रदेश सभा सदस्यहरूको सहकार्य समन्वय समूह (इसीडी ककस)" को अग्रसरता सदनदेखि स्थानीयतहसम्मको कार्यक्रम सक्रिय सहभागिता र प्रतिबद्धता हुदै आएको छ । संघीय तहको इसीडी ककसको नेतृत्वमा नेपालको संविधानमा प्रारम्भिक बालविकासको अधिकारको हक सुनिश्चित गरिएको छ । यस अर्थमा प्रारम्भिक बालविकास राजनीतिक प्रतिबद्धता रहेको प्रष्ट हुन्छ ।

**ग) स्थानीय स्रोत, बालबालिका हुकाउर्ने चलन तथा असल अभ्यास**

यस प्रदेश प्राकृतिक, बौद्धिक र परम्परागत प्रविधिमा धनी छ । प्रारम्भिक बालविकासका लागि स्थानीय भाषा, संस्कृति र राम्रा चलनहरू जस्तै तेल मालिस, स्थानीय खाना, प्राकृतिक अनुभवको अवसर लगायत उल्लेखनीय अभ्यासहरू छन् । विभिन्न साझेदार संस्था, समुदाय एवम् स्थानीय सरकारबीच समन्वय र सहकार्यमा प्रारम्भिक बालविकास एकीकृत योजना तर्जुमा, विभिन्न उमेर समूहका लागि कार्यक्रमहरू सञ्चालनमा आएको पाइन्छ । यी अभ्यासहरूको निरन्तरता र विस्तार गर्न प्रारम्भिक बालविकासबाट सकिन्छ । यसका साथै स्थानीय र विज्ञसंस्थाहरूबाट सञ्चालित प्रारम्भिक बालविकासमा गरिएका उल्लेखनीय अभ्यासको सम्बर्द्धन, विस्तार गर्नु उचित हुने देखिन्छ ।

### घ) प्रदेश तथा स्थानीय सरकारको प्राथमिकतामा बालबालिका

यस प्रदेशको प्रथम पञ्चवर्षीय योजनामा सामाजिक क्षेत्रको सरोकारका बहुपक्षीय सेवाबारे उल्लेख गरिएको र सभ्य, सुसंस्कृत र समृद्ध समाज निमार्णको सौँच रहेको उल्लेख छ। त्यसैगरी बालबालिका तथा किशोर किशोरी मैत्री समाज निर्माणको सौँच रहेको उल्लेख छ। बालबालिकाको स्वास्थ, शिक्षा, संरक्षण, खेलकुद, भाषा, संस्कृति विकास गर्ने प्रारम्भिक बालविकासबाट मात्र सम्भव छ।

### ङ) प्रारम्भिक बालविकासका लागि जनस्रोत

यस प्रदेशमा प्रारम्भिक बालविकास विज्ञ, प्रशिक्षक, शिक्षकहरू विगत दुई दशक देखि विभिन्न निकाय, अन्तर्राष्ट्रिय संस्था, सेतोगुराँस बालविकास सेवाबाट तथा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत तथा तत्कालीन शिक्षा विभागबाट उत्पादन भएका २,७१९ बालविकास शिक्षक र अन्य प्राविधिक जनशक्ति कार्यरत छन्। करिव ४,३४१ जना (स्वास्थ्य सेवा विभाग, २०७६/२०७७) महिला स्वास्थ स्वयमसेविकाहरूको योगदान यस क्षेत्रमा उल्लेखनीय रहेको छ।



# परिच्छेद ३
# रणनीतिका आधार र मान्यताहरू

# परिच्छेद-३
# रणनीतिका आधार र मान्यताहरू

## ३.१ रणनीतिका आधार

**क) बहुपक्षीय संलग्नता**

प्रारम्भिक बालविकासको लागि प्रदेश योजना आयोगको नेतृत्वमा र सम्बन्धित सबैको सहकार्यमा बहुपक्षीय सेवाहरू एकीकृत कार्यक्रमको रूपमा कार्यान्वयन गरिनेछ ।

**ख) प्रारम्भिक बालविकासको अधिकार**

प्रारम्भिक बालविकास बालअधिकार नैसर्गिक अधिकार भएकोले बालबालिकाका सम्बन्धित नीति, योजना कार्यक्रम बालअधिकारमा आधारित हुनेछन् । बालबालिकाको लागि गरिने क्रियाकलाप बालबालिकाको सर्वोत्तम हित र सिद्धान्तलाई सर्वोपरी राखी गरिनेछ ।

**ग) मानव जीवनचक्रमा आधारित**

बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, बौद्धिक र आध्यात्मिक विकास र प्रारम्भिक सिकाइ उनीहरूको उमेरअनुसार (गर्भावस्थादेखि जन्म, जन्मदेखि २४ महिना, २४ देखि ३६ महिना, ३६ देखि ६० महिना तथा ६० देखि ९६ महिना) को आवश्यकतालाई मध्यनजर राखेर कार्यक्रम निर्माण तथा कार्यान्वयन गरिनेछ ।

**घ) स्थानीय परिवेश**

बालबालिका हुर्कने भौगोलिक, वातावरणीय, मौलिक संस्कृति मैत्री/सुहाउँने सेवा विकास र कार्यान्वयन गरिनेछ ।

## ३.२ आधारभूत मान्यताहरू

- प्रारम्भिक बाल्यावस्थाका बालबालिकाको उमेर, लिङ्ग, क्षमता, अपाङ्गता, जातजाती, धर्म, वर्ग, पारिवारिक स्थिति, आर्थिक अवस्था, सामाजिक अवस्था, राजनीतिक आस्था र भूगोलको आधारमा बिना भेदभाव सर्वाङ्गीण विकासको अवसर सुनिश्चित हुनुपर्ने,
- प्रारम्भिक उमेरका बालबालिकाको बचावट, संरक्षण, सहभागिता र विकास गर्ने वातावरण तयार गर्दै बालअधिकारको सुनिश्चित हुनुपर्ने,
- प्रत्येक बालबालिकाले उमेर, क्षमता र रूचिको अनुसार पूर्ण क्षमताको विकासको अवसरको हुनुपर्ने,
- आमाबाबु, परिवार, समुदाय र सरकारबाट दिगो र गुणस्तरीय सेवाको सुनिश्चितता हुनुपर्ने,
- बालविकासको लागि समग्र वातावरण तयार गर्ने तथा दिगो र गुणस्तरीय सेवाको सुनिश्चितता गर्ने जिम्मेवारी परिवार, समुदाय र राज्यको हुनुपर्ने,
- स्थानीय राम्रा प्रचलनको प्रवर्द्धन र समाजमा रहेका कुरीतिलाई निरूत्साहित गर्दै बालबालिकाको सर्वाङ्गीण विकासका लागि एकीकृतरूपमा सेवाहरू पाएको हुनुपर्ने,
- बालबालिकामा हुने लैङ्गिक विभेद न्यूनीकरण गर्न कार्यक्रम हुनुपर्ने,
- बालबालिकालाई नागरिक सरह महत्व र सम्मान हुनुपर्ने ।

## प्रारम्भिक बालविकास सेवा तथा अधिकार

| उमेर | मन्त्रालय | बाँच्न पाउने अधिकार | विकासको अधिकार | संरक्षणको अधिकार | सहभागिताको अधिकार | केही कार्यक्रम |
|---|---|---|---|---|---|---|
| **गर्भावस्था** | सामाजिक विकास मन्त्रालय, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, जलस्रोत तथा उर्जा मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | दम्पत्तिको पूर्वयोजना, गर्भनाश हुनबाट बचाउ | पोषण, गर्भवती आमालाई उत्प्रेरणा तथा माया | सुरक्षा, हिंसा र भेदभावमुक्त वातावरण, शान्तिपूर्ण वातावरण अपाङ्गताको प्रारम्भिक पहिचान, जन्मदर्ता | गर्भवती आमाको पारिवारिक तथा सामाजिक उत्सवमा सहभागिता | ● सुरक्षित मातृत्व,<br>● बहुक्षेत्रीय पोषण कार्यक्रम, बालबालिका तथा किशोरी कार्यक्रम,<br>● प्रजनन् स्वास्थ्य शिक्षा,<br>● अभिभावक शिक्षा,<br>● घरमा आधारित कार्यक्रम<br>● राउटे संरक्षण, |
| **प्रसूति नवजात** | | प्रसूति पूर्वतयारी प्रसूति केन्द्रमा सुत्केरी, सफा, अनुकूल वातावरण, पोषण र स्वास्थ्य सेवा | नवजात शिशुसँग स्नेही स्पर्श, स्नेहपूर्ण व्यवहार, अन्तरक्रिया इन्द्रियहरूको क्षमता विकास | सुरक्षित, शान्त वातावरण, हिंसामुक्त वातावरण, अपाङ्गताको प्रारम्भिक पहिचान | आमा, परिवारबाट मान्यता, कदर, पहिचान, गर्भावस्थामा सामाजिक पर्वमा सहभागिता | ● छोरीसुरक्षा बचत,<br>● सुरक्षित मातृत्व तथा बालस्वास्थ्य कार्यक्रम,<br>● पूर्ण स्तनपान ,<br>● सुनौलो हजार दिन,<br>● राष्ट्रिय खोप कार्यक्रम,<br>● सुरक्षित जन्म तथा नवजात शिशु कार्यक्रम,<br>● न्यानो लुगा वितरण,<br>● एचआइभी संक्रमित आमाबाट शिशुमा संक्रमण रोकथाम कार्यक्रम,<br>● राउटे संरक्षण, |

| उमेर | मन्त्रालय | बाँच्न पाउने अधिकार | विकासको अधिकार | संरक्षणको अधिकार | सहभागिताको अधिकार | केही कार्यक्रम |
|---|---|---|---|---|---|---|
| **जन्म पछि पहिलो वर्ष** | | खोप, पूर्ण स्तनपान, उमेरअनुसार पोषण, उचित हेरचाह, उपचार | विकासात्मक चरणअनुरुप उत्प्रेरणा, खेल, शारीरिक, सामाजिक बौद्धिक र संवेगात्मक विकास केन्द्रित क्रियाकलाप | वात्सल्यमयी सुरक्षित वातावरण, हिंसामुक्त, सतर्कता, भेदभावमुक्त, अपाङ्गताको प्रारम्भिक पहिचान | रीतिअनुसारको संस्कार नामाकरण, न्वारन, उत्प्रेरणा, आमा, स्याहारकर्ताको सामिप्यता, कदर, पहिचान, घरेलु क्रियाकलापमा सहभागिता, अनुभव | • सुरक्षित मातृत्व तथा स्वास्थ्य कार्यक्रम, सुनौलो हजार दिन,<br>• मातृशिशु तथा बाल्यकालीन पोषण कार्यक्रम,<br>• पोषण कार्यक्रम<br>• सुआहारा,<br>• अभिभावक शिक्षा, राउटे संरक्षण कार्यक्रम |
| **२-३ वर्ष** | | खोप, स्वास्थ्य, पोषण, उपचार | उत्प्रेरणा, भाषा विकासका अवसर, सूक्ष्म अङ्गको सञ्चालन | भेदभाव तथा हिंसामुक्त सुरक्षित वातावरण, अपाङ्गताको प्रारम्भिक पहिचान | अवलोकन, खेलद्वारा सिकाइमा सहभागिता, आफ्नो रुचि, क्षमता अनुसारको क्रियाकलापमा सहभागिता | • सामाजिक सुरक्षा कार्यक्रम,<br>• छोरी सुरक्षा बचत,<br>• प्रवेशद्वार कार्यक्रम,<br>• अभिभावक शिक्षा,<br>• घरमा आधारित बालविकास स्याहार केन्द्र, खाँदै खेल्दै कुराकानी गर्दै,<br>• शिशु स्याहार केन्द्र, नर्सरी |
| **३-८ वर्ष** | | स्वास्थ, पोषण, खोप, उपचार, दुर्घटनाबाट बचाउ | सर्वाङ्गीण विकासको अवसर/अनुभवमुखी खेलबाट सिकाइ प्रारम्भिक साक्षरता तथा गणितीय अवधारणा | भेदभाव तथा हिंसामुक्त सुरक्षित वातावरण, अपाङ्गताको प्रारम्भिक पहिचान | खोजपूर्ण खेल, सिकाइमा सक्रिय सहभागिता, आफ्नो रुचि, क्षमताअनुसारको क्रियाकलापमा सहभागिता | • सामाजिक सुरक्षा कार्यक्रम<br>• छोरी बचत कार्यक्रम,<br>• समुदायमा आधारित बालविकास कार्यक्रम,<br>• पूर्वप्राथमिक शिक्षा कार्यक्रम,<br>• बालमैत्री विद्यालय,<br>• नर्सरी,<br>• किन्डरगार्डेन कक्षा |



# परिच्छेद ४
# प्रारम्भिक बालविकास रणनीति

# परिच्छेद-४
# प्रारम्भिक बालविकास रणनीति

प्रदेश रणनीतिले नेपाल सरकारका विद्यमान नीति, नियम र ऐन कानूनहरूलाई मुख्य आधार मानेर एकीकृत तथा गुणस्तरीय प्रारम्भिक बालविकास कार्यक्रमहरू सञ्चालन गरी कर्णाली प्रदेशमा गर्भावस्थादेखि नै सबै बालबालिकाहरूको सर्वाङ्गीण विकास गर्ने लक्ष्य लिएको छ ।

यस प्रारम्भिक बालविकास रणनीतिहरूको कार्यान्वयनका लागि प्रदेश र स्थानीय सरकार र सरोकारवालाहरूबाट पर्याप्त साधन स्रोतहरूको सदुपयोग गरी स्थानीय परिवेश मैत्री एकीकृत बहुपक्षीय सेवा प्रदान गरिनेछ । कर्णाली प्रदेशको प्रारम्भिक बालविकासको रणनीतिले प्रारम्भिक उमेर समूहका बालबालिकाहरूको सर्वाङ्गीण विकास तथा सिकाइका लागि निम्नानुसारको दुरदृष्टि, लक्ष्य र रणनीतिक उद्देश्यहरू तय गरेको छ ।

### ४.१ दुरदृष्टि

"सबै बालबालिकाको सर्वाङ्गीण विकासको सुनिश्चितता" ।

### ४.२ लक्ष्य

वि.सं. २०८३ सम्ममा गर्भावस्थादेखि आठवर्ष सम्मका बालबालिकाको शारीरिक, सामाजिक, वौद्धिक, संवेगात्मक, भाषिक, आध्यात्मिक विकास एवम् प्रारम्भिक सिकाइको अवसर सुनिश्चित गर्ने ।

### ४.३ उद्धेश्यहरू

१. गर्भावस्थादेखि आठ वर्षसम्मका बालबालिकाको उमेर र अवस्था अनुसार गुणस्तरीय एकीकृत सेवाको पहुँच सुनिश्चितता गर्ने,
२. प्रारम्भिक बालविकासमा कानूनी, संस्थागत, तथा संरचनागत सयन्त्र स्थापित गर्ने,
३. प्रारम्भिक बालविकासमा दक्ष मानवस्रोत र पर्याप्त आर्थिक लगानीको सुनिश्चितता गर्ने,
४. अभिभावक, संरक्षक तथा समुदायको सक्रिय संलग्नताको सुनिश्चितता गर्ने,
५. विशेष संरक्षण आवश्यक भएका बालबालिकाको उमेर र अवस्था अनुरूप वैकल्पिक प्रारम्भिक बालविकासको सुनिश्चितता गर्ने ।

### ४.४ रणनीति तथा कार्यनीति

| उद्देश्य १. गर्भावस्थादेखि आठ वर्षसम्मका बालबालिकाको उमेर र अवस्था अनुसार गुणस्तरीय एकीकृत सेवाको पहुँच सुनिश्चितता गर्ने | | |
|---|---|---|
| | रणनीति | कार्यनीति |
| १.१ | गर्भावस्थादेखि आठ वर्षसम्मका बालबालिकाको सर्वाङ्गीण विकासको लागि एकीकृत र गुणस्तरीय सेवामा पहुँच वृद्धि गर्ने, | १. गर्भावस्थादेखि आठ वर्षसम्मका बालबालिकाको लागि स्थानीय परिवेश अनुसार घर, समुदाय र विद्यालयमा आधारित घुम्ती बाल-स्याहार तथा विकास र कार्य स्थलमा गुणस्तरीय प्रारम्भिक बालविकासका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. प्रारम्भिक बालविकास सम्बन्धित एकीकृत सेवाहरू: प्रारम्भिक सिकाइ, स्वास्थ्य, स्याहार, खोप, पोषण, उत्प्रेरणा, खेल, सुरक्षाको व्यवस्था गरिनेछ । |

| | रणनीति | कार्यनीति |
|---|---|---|
| | | ३. गर्भवती तथा सुत्केरी महिला र प्रारम्भिक उमेरका बालबालिकाको मानसिक स्वास्थ्य र स्याहार सम्बन्धी परामर्श तथा उपचारको विशेष व्यवस्था गरिनेछ ।<br>४.अनौपचारिक शिक्षाको पाठ्यक्रममा प्रारम्भिक बालविकास सम्बन्धी विषयहरू समावेश गरिनेछ ।<br>५. गर्भवती, सुत्केरी तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकालाई अस्वस्थकर आहार (Junk food) मा रोक लगाई स्थानीय पोषणयुक्त खानाको प्रवर्द्धन र प्रोत्साहन गरिनेछ ।<br>६. स्थानीय तहमा एकीकृत प्रारम्भिक बालविकास सम्बन्धि निर्देशिका निर्माण र कार्यान्वयनमा सहजीकरण गरिनेछ ।<br>७. स्थानीय तहमा प्रारम्भिक उमेरका बालबालिकाको सर्वाङ्गीण विकास गर्न अभिभावक एवम् स्याहारकर्ताको क्षमता अभिवृद्धि गर्ने ।<br>८. विद्यालयमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरी अभिभावकको पहुँच अभिवृद्धि गर्ने । |
| **१.२** | प्रारम्भिक बालविकास सेवाको गुणस्तर मापदण्ड निर्धारण गर्ने । | १. बालविकास सेवा प्रदायकहरूका लागि (परिवार, स्वास्थ्य केन्द्र, बालविकास केन्द्र, विद्यालय) को न्यूनतम मापदण्ड तयार गरी लागू गरिनेछ ।<br>२. अभिभावक र स्याहारकर्ताको न्यूनतम मापदण्ड निर्धारण गरिनेछ ।<br>३. मातृशिशु आधारभूत सेवाहरूको न्यूनतम मापदण्ड निर्धारण गरिनेछ ।<br>४ कार्यक्रम कार्यान्वयन संयन्त्र तथा अनुगमनका सूचकहरू तयार गरी लागू गरिनेछ ।<br>५. बालबालिकाको खण्डीकृत (उमेरगत, लैङ्गिक, अपाङ्गता) तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गरिनेछ ।<br>६. गर्भवती, सुत्केरी, नवजातशिशु र बालबालिकाको निरन्तर अनुगमन गरी एकिकृत सेवा व्यवस्था गरिनेछ ।<br>७. प्रारम्भिक बालविकास राष्ट्रिय पाठ्यक्रमको आधारमा स्थानीय समुदाय परिवेश सुहाउदो पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्न प्रोत्साहन गरिनेछ । |
| **१.३** | प्रारम्भिक बालविकासका लागि बालमैत्री वातावरण एवम् पूर्वाधार व्यवस्था गरिनेछ । | १. प्रारम्भिक बालविकास कार्यक्रमहरूको भौतिक र सिकाइ वातावरण बालबालिकाको उमेर र अवस्था अनुसार व्यवस्था गरिनेछ ।<br>२. प्रारम्भिक बालविकास कार्यक्रम मातृभाषामा सहजीकरणको व्यवस्था गरिनेछ । |

| | रणनीति | कार्यनीति |
|---|---|---|
| | | ३. प्रारम्भिक बालविकास र स्याहार सम्बन्धी स्थानीय असल अभ्यासको संरक्षण, प्रवर्द्धन गरी कुरीतिलाई निरुत्साहित गरिनेछ ।<br>४. शिक्षा नीति र बाल संरक्षण नीति अनुरूप कार्यक्रम लागू गरिनेछ ।<br>५. सञ्चालित बालविकास कार्यक्रमहरूको न्यूनतम मापदण्ड अनुरुप गुणस्तरको सुनिश्चितता गरिनेछ ।<br>६. प्रदेश, पालिका तथा समुदायस्तरमा एकीकृत नमूना बालविकास स्रोत केन्द्र सञ्चालन गर्न प्रोत्साहन गरिनेछ । |
| **१.४** | प्रारम्भिक बालविकासको लागि आमसञ्चार माध्यमसँग सहकार्य गर्ने । | १. प्रारम्भिक बालविकास मैत्री सञ्चार नीति निर्माण गरिनेछ ।<br>२. अभिभावक, शिक्षक, बालबालिकाका लागि सञ्चार माध्यमबाट स्थानीय भाषा र लोक संस्कृति सुहाउँदो कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. सञ्चार माध्यमद्वारा अभिभावक, स्याहारकर्ता, संरक्षकहरूको सचेतना र क्षमता अभिवृद्धि गरिनेछ ।<br>४. प्रारम्भिक बालविकास तथा बालसंरक्षण नीतिबारे आमसञ्चार माध्यमबाट नियमित प्रचार प्रसार गरिनेछ ।<br>५. प्रारम्भिक बालविकासका विद्यमान असल अभ्यासहरूको प्रचार प्रसार गरिनेछ । |

**उद्देश्य २. प्रारम्भिक बालविकासमा कानूनी, संस्थागत, तथा संरचनागत संयन्त्र स्थापित गर्ने**

| | रणनीति | कार्यनीति |
|---|---|---|
| **२.१** | प्रदेशको प्रारम्भिक बालविकास सम्बन्धी कानून, नीति, कार्यविधि निर्माण तथा परिमार्जन गर्ने । | १. प्रारम्भिक बालविकाससम्बन्धी विद्यमान कानूनमा सामन्जस्यता कायम गरिनेछ ।<br>२. प्रादेशिक शिक्षा नीति, योजना, ऐन र कार्यक्रमहरूमा प्रारम्भिक बालविकास सम्बन्धी प्रावधानहरू समावेश गरिनेछ ।<br>३ संघीय तथा प्रदेश कानूनको आधारमा प्रत्येक स्थानीयतहमा प्रारम्भिक बालविकास सम्बन्धी नीति, ऐन र कार्यविधि निर्माण गर्न सहयोग तथा सहजीकरण गरिनेछ ।<br>४. बालबिकाससँग सम्बन्धित प्रदेश सरकारअन्तर्गतका मन्त्रालयहरू, मातहतका निकायहरू तथा विकास साझेदार संस्थाहरूले आफ्नो नीति, योजना तथा कायक्रममा प्रारम्भिक बालविकास सम्बन्धित कार्यक्रमलाई प्राथमिकताका साथ समावेश गरिनेछ । |

| | रणनीति | कार्यनीति |
|---|---|---|
| २.२ | प्रदेश तथा स्थानीय तहका सरोकारवालाहरूको संलग्नतामा प्रारम्भिक बालबिकास समिति निर्माण गर्ने । | १. प्रारम्भिक बालविकास सम्बन्धी रणनीति कार्यान्वयनका लागि सबैको (विषय विशेषज्ञ सहित) प्रतिनिधित्व रहने गरी प्रदेश तथा स्थानीय तहमा प्रारम्भिक बालविकास समिति निर्माण गरिनेछ ।<br>२. प्रारम्भिक बालविकास सम्बन्धी रणनीतिको प्रभावकारी कार्यान्वयनको लागि समन्वय, अनुगमन, मूल्याङ्कन गरिनेछ ।<br>३. प्रदेश र स्थानीय तहको प्रारम्भिक बालविकास समितिमा बालविकास संयोजकको व्यवस्था गरिनेछ ।<br>४. वडा प्रारम्भिक बालविकास समिति गठन गरी घरपरिवार, टोलमा कार्यक्रम लागू गरिनेछ । |

| उद्देश्य ३. प्रारम्भिक बालविकासमा दक्ष मानवस्रोत र पर्याप्त आर्थिक लगानीको सुनिश्चितता गर्ने | | |
|---|---|---|
| | **रणनीति** | **कार्यनीति** |
| ३.१ | प्रारम्भिक बालविकास प्रदेश एकीकृत योजना तर्जुमा गरिनेछ । | १. प्रारम्भिक बालविकासको एकीकृत योजना तर्जुमा सम्बन्धी निर्देशिका तयार गरिनेछ ।<br>२. स्थानीय तहमा एकीकृत प्रारम्भिक बालविकास योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वन गरिनेछ । |
| ३.२ | गर्भावस्थादेखि आठ वर्षसम्मका बालबालिकाको सर्वाङ्गीण बालविकासमा लगानी गरिनेछ । | १. प्रारम्भिक बालविकासको लागि बजेट विनियोजनको व्यवस्था गरिनेछ ।<br>२. विकास साझेदार तथा गैरसरकारी संस्थालाई प्रारम्भिक बालविकासको क्षेत्रमा सहकार्य बढाउन प्रोत्साहन गरिनेछ ।<br>३. निजी क्षेत्रलाई प्रारम्भिक बालविकासको क्षेत्रमा सहकार्य गर्न प्रोत्साहन गरिनेछ ।<br>४. प्रारम्भिक बालविकासको क्षेत्रमा गरिने सहयोगलाई एकद्वार प्रणालीबाट खर्च गर्ने नीति अवलम्बन गरिनेछ । |
| ३.३ | प्रदेश एवम् स्थानीय तहमा बालविकास सम्बन्धी दक्ष मानवस्रोतको विकास गरिनेछ । | १. प्रारम्भिक बालविकासका लागि आवश्यक मानव स्रोतको क्षमता विकास गरिनेछ ।<br>२. दक्ष मानव स्रोतको विकास र टिकाउका लागि विशेष प्रावधानको व्यवस्था गरिनेछ ।<br>३. स्थानीय तहमार्फत प्रारम्भिक बालविकासमा कार्यरत मानव स्रोतको स्तर निर्धारण गरिनेछ ।<br>४ कार्यरत मानव स्रोतको पेशागत क्षमताको वृद्वि विकास गरी विशेषज्ञता हासिल गर्ने र सेवा सुविधाको व्यवस्था गरिनेछ । |

| | रणनीति | कार्यनीति |
|---|---|---|
| | | ५ स्थानीय तहमा प्रारम्भिक उमेरका बालबालिकाको सर्वाङ्गीण विकास गर्न आमाबुबा, स्याहारकर्ताको दक्षता अभिवृद्धि गर्ने र अभिभावक शिक्षा सञ्चालन गरिनेछ ।<br>६..विद्यालयमा अभिभावक शिक्षा विस्तार गरिनेछ । |
| **३.४** | स्थानीय स्तरमा रहेका मानवीय , प्राकृतिक र भौतिक स्रोत परिचालन गरिनेछ । | १. स्थानीय तहमा योगदान पुऱ्याएका बौद्धिक, सीपयुक्त, प्राविधिक व्यक्तित्वहरूको परिचालन गरिने छ ।<br>२. स्थानीय स्तरका विज्ञ व्यक्तिहरू मार्फत स्थानीय पाठ्यक्रम र कार्यक्रममा प्रारम्भिक बालविकासका विषयवस्तुहरू समावेश गरिने छ ।<br>३. प्रारम्भिक बालविकासको लागि स्थानीयतहमा उपलब्ध जल, जमिन, जडीबुटी, आदिको परिचालन गरिनेछ ।<br>४. समुदायमा सञ्चालित प्रारम्भिक बालविकास केन्द्रलाई प्रभावकारी र दिगोपना सुनिश्चित गरिनेछ ।<br>५. स्थानीय सामग्रीको सङ्कलन तथा प्रयोग गर्न प्रोत्साहन गरिनेछ । |

| उद्देश्य ४. अभिभावक, संरक्षक तथा समुदायको सक्रिय संलग्नताको सुनिश्चितता गर्ने | | |
|---|---|---|
| | **रणनीति** | **कार्यनीति** |
| **४.१** | परिवार तथा समुदायको सहभागिता र संलग्नता अभिवृद्धि गर्ने | १. अभिभावक, संरक्षक, परिवारका सदस्यहरू तथा स्याहारकर्तालाई गर्भावस्थादेखि नै बालबालिकाको सर्वाङ्गीण विकास गर्न ज्ञान, सीप र व्यवहार अभिवृद्धि गर्न अभिभावक क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. असल अभ्यासहरूको प्रयोग, संवर्द्धन, प्रोत्साहन र विस्तार गर्ने व्यवस्था गरिनेछ ।<br>३. पुरुष अभिभावकको सक्रिय संलग्नता गर्न अभिभावक शिक्षाको व्यवस्था गरिनेछ ।<br>४. टोल विकास समिति, आमा समूह, बालक्लब, स्वयम्सेविकाहरूलाई प्रारम्भिक बालविकास कार्यक्रम व्यवस्थापन, सञ्चालन, अनुगमन गर्न प्रोत्साहन गरिनेछ ।<br>५. प्रत्येक टोल, गाउँ, वडामा बालबालिकाको सर्वाङ्गीण विकास गर्ने वातावरण सहितको एकीकृत प्रारम्भिक बालविकास, सकारात्मक अभिभाकत्व तथा स्याहार कार्यक्रम सञ्चालन गरिनेछ ।<br>६. मासिक रुपमा बालबालिकाका स्वास्थ, पोषण तथा पूर्व अपाङ्गता पहिचान सम्बन्धी तथ्याङ्क अद्यावधिक गरिनेछ । |

| | रणनीति | कार्यनीति |
|---|---|---|
| **४.२** | एकीकृत प्रारम्भिक बालविकास कार्यक्रमको अपनत्व वृद्धि गर्ने र जिम्मेवारी बढाउने | १. बालविकाससँग सम्बन्धित स्थानीय ऐन, कानून, कार्यक्रम, सेवा सुविधा तथा न्यूनतम मापदण्डबारे अभिभावकलाई सुसूचित गरिनेछ । <br>२. घरपरिवार तथा समुदायमा सकारात्मक अभिभाकत्व, स्याहार र सिकाइ वातावरण सिर्जना गर्न परिवार तथा समुदायलाई जिम्मेवार बनाइनेछ । <br>३. टोल/वडास्तरको स्थानीय योजना निर्माण गर्ने कार्यक्रममा अभिभावकको संलग्नता सुनिश्चित गरिनेछ । <br>४. प्रारम्भिक बालविकास कार्यक्रमको दिगोपना र निरन्तरताको लागि अभिभावक, समुदायमा प्रारम्भिक बालविकासको स्वामित्व अभिवृद्धि गरिनेछ । |

**उद्देश्य ५. विशेष संरक्षण आवश्यक भएका बालबालिकाको उमेर र अवस्था अनुरूप वैकल्पिक प्रारम्भिक बालविकासको सुनिश्चितता गर्ने ।**

| | रणनीति | कार्यनीति |
|---|---|---|
| **५.१** | विशेष संरक्षण आवश्यक भएका परिवारका गर्भवती आमा र बालवालिकालाई एकीकृत सेवाको अवसर सुनिश्चित गरिनेछ । | १. विशेष संरक्षणको आवश्यकता भएका बालबालिका र गर्भवती महिलाको पहिचान गरी एकीकृत बालविकास कार्यक्रम सञ्चालन गरिनेछ । <br>२. अपाङ्गताको पहिचान गरी अपाङ्गताको प्रकार अनुसारको लक्षित कार्यक्रम सञ्चालन गरिनेछ । <br>३. विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाको सर्वाङ्गीण विकास गर्न समावेशी कार्यक्रमको व्यवस्था गरिनेछ । <br>४. बाल गृह, बाल सुधार गृह र कारागारमा अभिभावकसँगै रहेका बालवालिकाहरू र गर्भवती महिलाहरूको विकास, संरक्षण, सामाजिकीकरण, सशक्तिकरणका लागि एकीकृत सेवा र सुविधाको व्यवस्था गरिनेछ । |
| ५.२ | राउटे, कुसुन्डा, कार्मारोङ, बादी लगायत आदिवासी जनजाति, दलित, मुस्लिम, अल्पसंख्यक, सीमान्तकृत, पिछडिएका, लोपोन्मुख विकट भौगोलिक, सामाजिक दुरीमा रहेका बालबालिकाको उमेर र अवस्था अनुरूप वैकल्पिक सेवामुखी कार्यक्रम विकास गर्ने । | १. प्रारम्भिक बालविकास उमेरका भौगोलिक विकट स्थानमा रहेका, आदिवासी जनजाति, दलित, मुस्लिम, अल्पसङ्ख्यक, गर्भवती महिला तथा बालबालिकाको तथ्याङ्क सङ्कलन अद्यावधिक गरिनेछ । <br>२. भौगोलिक विकट स्थानमा रहेका, आदिवासी जनजाति, राउटे लगायतका अल्पसंख्यकका लागि स्थानीय पाठ्यक्रम र वैकल्पिक प्रारम्भिक बालविकास निर्माण गरिनेछ । |

| | रणनीति | कार्यनीति |
|---|---|---|
| | | ३. बालबालिका तथा परिवारको आवश्यकताको आधारमा घरमा वा समुदायमा आधारित, घुम्ती बाल-स्याहार तथा विकास कार्यक्रमको व्यवस्था गरिनेछ ।<br>४ प्रारम्भिक बालविकास भत्ताको व्यवस्था र विद्यमान भत्ता प्रावधानमा सुदृढीकरण गरिनेछ ।<br>५ राउटे समुदायका बालबालिकाका लागि विशेष प्राथमिकताका साथ एकीकृत बालविकास सेवा र केन्द्र सञ्चालन गरिनेछ । |
| **५.३** | विपद र जोखिमको अवस्थामा प्रारम्भिक बालविकास सेवा सञ्चालनको सुनिश्चिचता गर्ने | १. विपद् व्यवस्थापन सम्बन्धी सचेतना गरी घर परिवार समुदायमा गर्भवती र बालबालिकाको लागि पुर्वतयारी गर्ने सीप विकास गरिनेछ ।<br>२. विपद्को अवस्थामा बालबालिकाको लागि सुरक्षित स्थानको व्यवस्थापन र कार्यक्रम सञ्चालन गरिनेछ । |
| **५.४** | प्रारम्भिक बालविकास सम्बन्धी अध्ययन अनुसन्धान गरिनेछ । | १. प्रारम्भिक बालविकास सम्बन्धी स्थानीय असल अभ्यासको खोज, प्रवर्धन र प्रोत्साहन गरिनेछ ।<br>२. प्रारम्भिक बालविकास सम्बन्धी अध्ययन अनुसन्धानका लागि स्रोत व्यवस्थापन गरिने छ ।<br>४. प्रदेशमा स्थापना हुने विश्वविद्यालयमा प्रारम्भिक बालविकास शिक्षाको पाठ्यक्रम तय गरिनेछ । |

# अनुसूची १
# प्रदेश प्रारम्भिक बालविकास समिति

| | |
|---|---|
| **अध्यक्ष** | : मन्त्री, सामाजिक विकास मन्त्रालय |
| **सदस्य** | : उपाध्यक्ष, प्रदेश योजना आयोग |
| **सदस्य** | : सचिव, सामाजिक विकास मन्त्रालय |
| **सदस्य** | : सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय |
| **सदस्य** | : सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| **सदस्य** | : सचिव, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय |
| **सदस्य** | : सचिव, जलश्रोत तथा उर्जा मन्त्रालय |
| **सदस्य** | : एकीकृत प्रारम्भिक बालविकास विज्ञ (१ जना) |
| **सदस्य सचिव** | : प्रमुख, शैक्षिक विकास महाशाखा |

## प्रदेश प्रारम्भिक बालविकास समितिको काम, कर्तव्य र अधिकार

- राष्ट्रियस्तरको नीति, रणनीति, योजना तथा कार्यक्रमसँग तालमेल हुने गरी प्रदेशस्तरको नीति, रणनीति, योजना तयार गर्ने र लागू गराउने,
- प्रारम्भिक बालविकासका कार्यक्रम तयार गर्ने र त्यसका लागि स्रोतको व्यवस्था गर्ने,
- प्रारम्भिक बालविकास कार्यक्रमको कार्यान्वयनमा सहजीकरण गर्ने,
- स्थानीय तहसँग एवं अन्य सरोकारवालासँग समन्वय गरी एकीकृत रूपमा कार्यक्रम गर्ने गराउने,
- संघ र स्थानीय तहसँग सञ्चार तथा समन्वय गर्ने,
- वार्षिक प्रतिवेदन तयार गरी प्रदेश संसदमा पेश गर्ने,
- प्रारम्भिक बालविकासका लागि आर्थिक स्रोतको व्यवस्थापन, परिचालन र नियमन गर्ने,
- स्थानीय तहमा सञ्चालित कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कन गर्ने,
- प्रारम्भिक बालविकासमा योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई प्रोत्साहन, पुरस्कारको व्यवस्था गर्ने,
- प्रदेशस्तरमा प्रारम्भिक बालविकाससम्बन्धी सम्पूर्ण कार्यको समन्वय, कार्यान्वयन तथा अनुगमन गर्ने,
- बालविकास संयोजकको व्यवस्था गर्ने,
- यस समितिले आवश्यकताअनुसार अस्थायी प्रकृतिका कार्यसमितिहरू निर्माण गरी कार्य गर्ने गराउने,
- यस समितिले आवश्यकताअनुसार विकास साझेदार, सामाजिक सङ्घसंस्था तथा निजी सेवा प्रदायका प्रतिनिधिलाई बैठकमा बोलाउन सक्नेछ ।

# अनुसूची २
# स्थानीय प्रारम्भिक बालविकास समिति

| | |
|---|---|
| **अध्यक्ष** | : प्रमुख वा अध्यक्ष, नगरपालिका वा गाउँपालिका |
| **सदस्य** | : प्रारम्भिक बालविकास हेर्ने कार्यपालिका सदस्य |
| **सदस्य** | : सामाजिक विकास शाखा अन्तर्गतका शाखा प्रमुखहरू |
| **सदस्य** | : एकीकृत प्रारम्भिक बालविकास विज्ञ (१ जना) |
| **सदस्य सचिव** | : प्रमुख प्रशासकीय अधिकृत, नगरपालिका वा गाउँपालिका |

## स्थानीय प्रारम्भिक बालविकास समितिको काम, कर्तव्य र अधिकार

- स्थानीयस्तरमा राष्ट्रिय तथा प्रदेशको नीति, रणनीति, कार्यक्रमसँग तादाम्यता गरी प्रारम्भिक बालविकासको कार्यनीति तयार गर्ने,
- प्रमुख कार्यान्वयनकर्ताको रूपमा प्रारम्भिक बालविकासका कार्यक्रमहरूको कार्यान्वयनका लागि आवश्यक स्रोतसाधनको व्यवस्था गर्ने,
- वडास्तरमा कार्यक्रम सञ्चालन गर्न कार्यक्रमको खाका तयार गरी लागू गर्ने,
- प्रारम्भिक बालविकासका लागि आर्थिक स्रोतको व्यवस्थापन, परिचालन र नियमन गर्ने,
- तोकिएको मापदण्डअनुसार कार्यक्रमको सुनिश्चितता गर्ने,
- स्थानीय तहमा मानव स्रोत विकास, व्यवस्थापन तथा परिचालनको सुनिश्चितता गर्ने,
- वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्ने,
- सबै सरोकारवालाहरूसँगको समन्वयमा कार्यक्रम कार्यान्वयन, अनुगमन, मूल्याङ्कन गर्ने,
- स्थानीयस्तरमा प्रारम्भिक बालविकास सम्बन्धी सम्पूर्ण कार्यको समन्वय, कार्यान्वयन तथा अनुगमन गर्न बालविकास संयोजकको व्यवस्था गर्ने,
- यस समितिले आवश्यकताअनुसार अस्थायी प्रकृतिका कार्यसमितिहरू निर्माण गरी कार्य गर्न र गराउन सक्नेछ ।
- यस समितिले आवश्यकताअनुसार विकास साझेदार, सामाजिक संघसंस्था तथा निजी सेवा प्रदायकका प्रतिनिधिलाई बैठकमा बोलाउन सक्नेछ ।

# अनुसूची ३
# वडास्तरीय प्रारम्भिक बालविकास समिति

| | |
|---|---|
| **अध्यक्ष** | : वडा अध्यक्ष, सम्बन्धित वडा |
| **सदस्य** | : वडा सदस्य, महिला |
| **सदस्य** | : वडा सदस्य, दलित महिला |
| **सदस्य** | : प्रमुख (शिक्षा, स्वास्थ्य, महिला, बालबालिका, कृषि, पशु शाखा) |
| **सदस्य** | : संयोजक, वडा नागरिक समूह |
| **सदस्य** | : स्थानीय महिला स्वास्थ्य स्वयम् सेविका (१ जना) |
| **सदस्य** | : प्रारम्भिक बालविकास विज्ञ (१ जना) |
| **सदस्य सचिव** | : वडा सचिव |

## वडास्तरीय प्रारम्भिक बालविकास समितिको काम, कर्तव्य र अधिकार

- स्थानीयस्तरमा तयार गरिएको प्रारम्भिक बालविकासको कार्यनीति लागु गर्ने,
- प्रमूख कार्यान्वयनकर्ताको रूपमा प्रारम्भिक बालविकासका कार्यक्रमहरू लागु गर्ने,
- वडास्तरमा कार्यक्रम सञ्चालन गर्ने,
- प्रारम्भिक बालविकास कार्यक्रम कार्यान्वयनका लागि आर्थिक स्रोतको व्यवस्थापन र परिचालनको लागि सहजीकरण गर्ने,
- तोकिएको मापदण्डअनुसार कार्यक्रम अनुगमन, नियमन तथा कार्यान्वयनको सुनिश्चितता गर्ने,
- सबै सरोकारवालाहरूसँगको समन्वयमा कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

# अनुसूची ४
# नतिजा सूचक र कार्यान्वयन ढाँचा

| प्रतिफल | सूचक | एकाइ | आधार वर्ष | लक्ष्य | | | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | | |
| प्रदेश र स्थानीय तहमा प्रारम्भिक बालविकास सम्बन्धी नीति तर्जुमा भएको हुने | प्रदेश रणनीतिका आधारमा र ७९ स्थानीय तहमा निर्देशिकार कार्यविधि तर्जुमा तथा लागू | संख्या | | २० | ७९ | | | | वार्षिक प्रतिवेदन | सामाजिक विकास मन्त्रालय र स्थानीय तहहरू | प्रदेश योजना आयोग तथा विषयगत मन्त्रालयहरू |
| प्रदेश र स्थानीय तहमा एकीकृत प्रारम्भिक बालविकास कार्यक्रमको लागि कूल बजेटको निश्चित प्रतिशत विनियोजन भएको हुने | प्रदेश र स्थानीय तहमा एकीकृत प्रारम्भिक वाल विकासको लागि कूल बजेटको निश्चित प्रतिशत बजेट विनियोजन | संख्या | | | ८० | ८० | ८० | ८० | वार्षिक बजेट तथा कार्यक्रम | सामाजिक विकास मन्त्रालय र स्थानीय तहहरू | |
| प्रदेश र स्थानीय तहमा प्रारम्भिक बालविकास समिति गठन भएको हुने | १ प्रादेशिक समिति ७९ स्थानीय समिति ७१८ वडास्तरीय समिति | संख्या | | १ प्रादेशिक समिति ७९ स्थानीय समिति | | | | | वार्षिक प्रतिवेदन | प्रदेश योजना आयोग, विषयगत मन्त्रालयहरू, प्रदेश र स्थानीय तहहरू | |
| विषयगत मन्त्रालयले प्रारम्भिक बालविकास कार्यक्रमलाई नीति, योजना तथा कार्यक्रममा समावेश गरेको हुने | विषयगत मन्त्रालयबाट प्रार बालविकास कार्यक्रमलाई आवधिक योजनामा समावेश | संख्या | | | ७ | ७ | ७ | ७ | वार्षिक प्रतिवेदन | विषयगत मन्त्रालयहरू | |
| बालबालिकाका लागि आवश्यक आधारभूत सेवाको सूची अनरूपको मापदण्ड तर्जुमा र प्रयोग भएको हुने | उमेर अनुरूपको मापदण्डको तर्जुमा भएको स्थानीय तहले उमेर अनुरूपको मापदण्डको तर्जुमा गरी प्रयोग गरेको | संख्या | | | १० | ४० | ६० | ७९ | वार्षिक प्रतिवेदन | प्रदेश योजना आयोग, विषयगत मन्त्रालयहरू, स्थानीय तहहरू | |

| प्रतिफल | सूचक | एकाइ | आधार वर्ष २०७८/७९ | लक्ष्य | | | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | | |
| गर्भवती तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकाको गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि भएको हुने | मातृ मृत्युदर (प्रतिलाख) | जना | २३९ | १८० | १३० | १०० | ९० | ८० | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | स्थानीय तहहरू | |
| | बाल मृत्युदर (प्रतिहजार) | जना | २८ | २८ | २६ | २५ | २२ | २० | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | सामाजिक विकास मन्त्रालय | |
| बालबालिकामा हुने रोगहरू तथा स्वास्थ्यसम्बन्धी महामारीमा तत्काल उपचारको व्यवस्था पुगेको हुने | बालबालिकाकामा हुने झाडापखालाको महामारीमा कमी (प्रति हजार) | जना | ९००.६ | ८०० | ७०० | ६५० | ६०० | ५०० | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | सामाजिक विकास मन्त्रालय | |
| | बालबालिकामा हुने स्वासप्रश्वास सम्बन्धी रोगको महामारीमा कमी (प्रति हजार) | जना | ९०६.४ | ८०० | ७०० | ६५० | ६०० | ५०० | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | सामाजिक विकास मन्त्रालय | |
| गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाले खोप लगाएको हुने | पूर्ण खोप सेवा प्राप्त गर्ने गर्भवती महिला | प्रतिशत | ९३.६ | ९५ | ९५ | ९५ | ९५ | ९५ | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | सामाजिक विकास मन्त्रालय | |
| | पूर्ण खोप सेवा प्राप्त गर्ने प्रारम्भिक बालविकास उमेरका बालबालिका | प्रतिशत | ८८.४ | ९० | ९२ | ९३ | ९४ | ९५ | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | सामाजिक विकास मन्त्रालय | |
| | पूर्ण खोप घोषणा भएको जिल्ला | संख्या | ८ | १० | १० | १० | १० | १० | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | सामाजिक विकास मन्त्रालय | |
| मानसिक स्वास्थ्य सेवामा गर्भवती र सुत्केरी महिलाको पहुँचमा वृद्धि भएको हुन | कूल स्वास्थ्य संस्थामा आधार भूततहको मानसिक स्वास्थ्य सेवा उपलब्ध भएका स्वास्थ्य संस्था | प्रतिशत | १०.३८ | १५ | २० | ३० | ४० | ५० | वार्षिक प्रतिवेदन | सामाजिक विकास मन्त्रालय | |

| प्रतिफल | सूचक | एकाइ | आधार वर्ष २०७८/७९ | लक्ष्य | | | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | | |
| सबै परिवारमा सुरक्षित खानेपानीको पहुँच पुगेका हुने | घर र समुदायमा शुद्ध खानेपानी उपलब्ध भएको | प्रतिशत | ८५.१ | ८७ | ९० | ९२ | ९४ | ९५ | वार्षिक प्रतिवेदन | विषयगत मन्त्रालयहरू | |
| | विद्यालयमा शुद्ध खाने पानी उपलब्ध | प्रतिशत | ३०.५ | ४५ | ५० | ५५ | ६० | ७० | वार्षिक प्रतिवेदन | सामाजिक विकास मन्त्रालय | |
| बालमैत्री शौचालयको प्रयोगमा वृद्धि भएको हुने | विद्यालयमा बालमैत्री शौचालय उपलब्ध भएका विद्यालय | प्रतिशत | ३९ | ५० | ६० | ७५ | ८५ | ९० | IEMIS | सामाजिक विकास मन्त्रालय | |
| प्रारम्भिक बालविकास उमेरका बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर उपलब्ध भएको हुन | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर | प्रतिशत | ७०.६ | ७४ | ८० | ८५ | ९२ | ९९% | IEMIS | सामाजिक विकास मन्त्रालय | |
| | प्रारम्भिक बालविकास उमेरका बालबालिकाका लागि प्रारम्भिक बालविकास तथा सिकाइको मापदण्ड लागू भएका स्थानीय तह | संख्या | ० | २० | ४० | ६० | ७० | ७९ | वार्षिक प्रतिवेदन | स्थानीय तहहरू | |
| प्रारम्भिक बालविकासमा कार्यरत मानव स्रोतको पेशागत उन्नयनको कार्यक्रम लागू भएको हुने । | प्रारम्भिक बालविकासको क्षेत्रमा आवश्यक मानव स्रोतको दक्षता अभिवृद्धिका लागि प्रत्येक वर्ष निश्चित अवधिको पूर्व सेवाकालीन (आधारभूत) तथा कार्यरत जनशक्तिको लागि पुनर्ताजगी तालिम सञ्चालन | प्रतिशत | ० | ३० | ४० | ५५ | ६५ | ७५% | वार्षिक प्रतिवेदन | विषयगत मन्त्रालयहरू | |

| प्रतिफल | सूचक | एकाइ | आधार वर्ष २०७८/७९ | लक्ष्य | | | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | | |
| प्रारम्भिक बालविकास उमेरका बालबालिकाको लागि सुरक्षा र संरक्षण नीति अवलम्वन गरिएको हुने । | बाल हेल्पलाइन (फोन नं १०९८) क्रियाशील भएका जिल्ला | संख्या | ३ | ५ | ७ | १० | १० | १० | वार्षिक प्रतिवेदन | सामाजिक विकास मन्त्रालय | |
| | बालबालिका खोजतलास नं. १०४ क्रियाशील भएका जिल्ला | संख्या | ८ | १० | १० | १० | १० | १० | वार्षिक प्रतिवेदन | सामाजिक विकास मन्त्रालय | |
| प्रारम्भिक बालविकासका लागि स्थानीय तहमा आवश्यक भौतिक पूर्वाधारको मापदण्ड लागू भएको हुने । | एकीकृत प्रारम्भिक बालविकास कार्यक्रम सहितको बाल उद्यान सञ्चालन भएका वडा | संख्या (वडा) | ० | ५० | १०० | १५० | २०० | २५० | वार्षिक प्रतिवेदन | स्थानीय तहहरू | |
| | न्यूनतम मापदण्ड लागू भएका दिवा शिशु स्याहार केन्द्र | प्रतिशत | ० | २५ | ४० | ५५ | ६५ | ७५% | वार्षिक प्रतिवेदन | सामाजिक विकास मन्त्रालय | |
| | बालमैत्री विद्यालय प्रारुप अनुसार को न्यूनतम मापदण्ड लागु भएका कक्षा ३ सम्मका विद्यालय | प्रतिशत | तथ्याङ्क नभएको | २५ | ४० | ५५ | ६५ | ७५% | वार्षिक प्रतिवेदन | स्थानीय तहहरू | |
| स्थानीय तहमा सबै प्रारम्भिक बालविकास उमेरका बालबालिकालाई प्रारम्भिक बालविकास कार्यक्रमको सेवा उपलब्ध भएको हुन | गर्भवती महिला तथा अभिभावकका लागि सचेतना कार्यक्रम लागू भएका स्थानीय तह | संख्या | तथ्याङ्क नभएको | ७९ | ७९ | ७९ | ७९ | ७९ | वार्षिक प्रतिवेदन | स्थानीय तहहरू | |
| | ४ दे खि ५ वर्षका बालबालिकाको लागि बालविकास केन्द्र सञ्चालन भएका स्थानीय तह | संख्या | ७९ | ७९ | ७९ | ७९ | ७९ | ७९ | वार्षिक प्रतिवेदन | स्थानीय तहहरू | |
| | ५ दे खि ८ वर्षका बालबालिकाको लागि बालमैत्री शिक्षाको व्यवस्था भएका स्थानीय तह | संख्या | तथ्याङ्क नभएको | ७९ | ७९ | ७९ | ७९ | ७९ | वार्षिक प्रतिवेदन | स्थानीय तहहरू | |

| प्रतिफल | सूचक | एकाइ | आधार वर्ष २०७८/७९ | लक्ष्य | | | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | | |
| गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकाको पोषण स्थितिमा सुधार भएको हुन | पोषणयुक्त वडा घोषणा भएको | संख्या | ० | ५० | १०० | १५० | २०० | २५० | वार्षिक प्रतिवेदन | स्थानीय तहहरू | |
| | ५ वर्ष मुनिका बालबालिकाको पुड्कोपन | प्रतिशत | ४७ | ४२ | ४० | ३५ | ३० | २५ | वार्षिक प्रतिवेदन | सामाजिक विकास मन्त्रालय | |
| | ५ वर्ष मुनिका बालबालिकाका रहेको ख्याउटे पन (उचाई अनुसार तौल कम) | प्रतिशत | १८ | १६ | १५ | १४ | १२ | १० | वार्षिक प्रतिवेदन | सामाजिक विकास मन्त्रालय | |
| | सबै वडामा अभिभावकको लागि पोषण सम्बन्धी तालिम सञ्चालन | संख्या | तथ्याङ्क नभएको | ७१८ | ७१८ | ७१८ | ७१८ | ७१८ | वार्षिक प्रतिवेदन | स्थानीय तहहरू | |

# अनुसूची ५
# मस्यौदा निर्माण निर्देशक समिति

**संयोजक :** माननीय उपाध्यक्ष, प्रदेश योजना आयोग
**सदस्य :**

- संयोजक माननीय सदस्य, प्रारम्भिक बालविकासका लागि प्रदेश सभा सदस्यहरूको सहकार्य समन्वय समूह
- माननीय सदस्य, प्रदेश योजना आयोग (२ जना)
- सचिव, सामाजिक विकास मन्त्रालय
- सचिव, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
- सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय
- सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय
- प्रतिनिधि, प्रदेश बालअधिकार समिति
- शिक्षा व्यवस्थापक, सेभ द चिल्ड्रेन
- संयोजक, सेतो गुराँस बालविकास सेवा
- प्रारम्भिक बालविकास शिक्षक प्रदेश सञ्जाल
- निर्देशक, शिक्षा विकास निर्देशनालय
- निर्देशक, स्वास्थ्य विकास निर्देशनालय ।
- सदस्य सचिव : महाशाखा प्रमुख, शैक्षिक विकास महाशाखा

सामाजिक विकास मन्त्रालय
कर्णाली प्रदेश
२०७९